# अध्याय एक
# शोध परिचय

## १.१ शोध शीर्षक

यस शोधपत्रको शीर्षक सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठयांश नेपा. शि. ५९८ को उद्देश्य पूरा गर्ने प्रयोजनाका निमित्त रहेको छ ।

## १.३ परिचय/पृष्ठभूमि

निबन्ध गद्य शैलीसँग सम्बन्धित साहित्यको सबभन्दा स्वतन्त्र विधा हो । निबन्ध मुख्य गरी साहित्यिक विधाका रूपमा गरिने भएपनि विद्यालय स्तरका लेख्य, पाठ्य विधाकै रूपमा राखिएको पाइन्छ । माथिल्ला कक्षाका विद्यार्थीका लागि निबन्ध विधा स्तर अनुकूल भए पनि तल्ला स्तरका  विद्यार्थीका लागि भने पाठ्य विषयकै रूपमा प्रयोग गरिनु उपयुक्त हुन्छ किनभने यसमा प्रौढ भाषाको प्रयोग गरिएको हुन्छ । निबन्धलाई भाषा पाठ्यपुस्तकमा राखिनुको प्रयोजनतर्फ सोच्दा व्यापक र विस्तृत सोचाइ राखिएको पाइन्छ । विभिन्न विषय क्षेत्रसँग सम्बन्धि शब्द भण्डारको विकास गर्न तथा अभिव्यत्ति र बोधको अभ्यासका लागि  गहन पठन बोधका लागि निबन्ध उपयोगी ठहरिन सक्छ (लामछिाने, २०५७ : १३९) ।

गद्य भाषामा लेखिएको जीवन जगतकै विषयवस्तु भाव विचारलाई प्रस्तुत गरिएको लघु कलेवरमा संरचित साहित्यिक विधा निबन्ध हो । लेखकले आफ्नो जीवनका अनुभव र अनुभूति निजी दृष्टिकोणलाई कल्पनाको रङ्गमा मुछेर अभिव्यक्ति गर्ने काम निबन्धमा गर्दछन् । निबन्धमा निबन्धकारले आफ्ना विचालाई सहज रूपमा प्रस्तुत गरेको हुन्छ । निबन्धमा अनुभूतिको सुगठित संयोजन आवश्यक हुन्छ । यसका

लागि निबन्ध सङ्क्षिप्त हुनुपर्छ । निबन्धमा व्यक्त भएका विचार र अनुभूतिहरू परम्परापमा सम्बन्धित हुनुपर्छ । यिनै अनुभूतिको समष्टिबा नै निबन्धको स्वरूप जन्मन्छ । लेखको निजी अनुभव विचारालाई प्रस्तुत गरिँदा निजात्मक निबन्ध जन्मन्छ भने निबन्धकार आफू तटस्थ रहि कुनै विषयवस्तुका बारेमा प्रस्तुत गरिँदा परात्मक निबन्ध जन्मन्छ । यस दृष्टिले हेर्दा लेखक दुई प्रकारको देखिन्छ , आफ्ना अनुभूति र टिप्पणी मिसाएर लेखिने आत्मापरक निबन्ध र लेखक तटस्थ रहि कुनै विषयको नालीबेली दिने वस्तुपरक निबन्ध । यसरी हेर्दा ललित वा बौद्धिक गद्य भाषाका माध्यमले जीवन जगतका विभिन्न पक्ष मध्ये कुनै पक्ष बारेमा आफ्ना निजी अनुभूति वा सत्यतालाई प्रस्तुत कलेवर भएको साहित्यिक विधा निबन्ध हो । जसमा निबन्धकारले आफ्ना निजी अनुभूति र सत्यतथ्यलाई स्वीकार गर्न पाठक समक्ष आग्रह गरेको हुन्छ (भण्डारी र साथीहरू, २०५६ : ४९९-५००) ।

## १.४ समस्याकथन

भाषा विचार विनिमयको मत्वपूर्ण साधन हो । विचार विनिमयको उच्चारण द्वारा भाषा उत्पन्न हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप भाषामा ठूलो महत्व रहेको हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप एक महत्वपूर्ण र चुनौतिपूर्ण कार्य हो । भाषाको शिक्षण गर्नु भनेको विषयवस्तुको शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण गर्नु हो । त्यसैले यो चुनौतिपूर्ण र कठिन कार्य हो । भाषाका मूख्य चार सीप (सुनाइ, बोलाइ, पठाइ, लेखाइ) हुन्छन् । सुनाइ र बोलाइ आदानात्मक प्रकृतिका भाषिक सीप हुन । भाषाका चारैवटा सीपहरू एक आपसमा अन्तर सम्बन्धित रहेका हुन्छन् । कुनै पनि विधाको शिक्षण गर्दा भाषिक सीपहरूलाई एककालिक र एकीकृत पद्धति अबलम्बन गर्न सकेमा भाषिक सीप विकासमा दुई मत नरहने शिक्षा विद्हरूको बुझाइ छ ।

अहिलेसम्म नेपाली निम्न माध्यमिक तहको पाठ्यक्रमको भाषिक सीप विकासका लागि कविता, कथा, प्रबन्ध, जीवनी, चिठ्ठी, रूपक तथा व्याकरण जस्ता विधाहरू समावेश गरिएको पाइन्छ । भाषाका चारैवटा सीपहरू मध्ये लेखाइ सीप एक आवश्यक सीप हो । सीपले भाषालाई स्तरीयता, शुद्धता र चिरस्थायी बनाउने गर्दछ ।

मनमा गुम्सिएर रहेका विचार र आफ्ना भनाइहरूलाई अझ सक्षम व्यक्त गर्ने महत्त्वपूर्ण माध्यम लेखाइ हो । त्यसैले विद्यालयका तल्ला तहदेखि नै विद्यार्थीहरूमा लेखन कलाको विकास गर्दै लैजानु पर्ने हुन्छ ।

विद्यालय स्तरमा लेखन कला विद्यार्थीहरूको सीप विकासका लागि विभिन्न विधि र कार्यकलापको अवलम्बन गर्न सकिन्छ । प्रभावक लेखन विधि र कार्यकलापको प्रयोगले मात्र लेखन सीपसँग सम्बन्धित उद्देश्यहरू पूरा हुन्छन् । निबन्ध लेखनका अनुभव र ज्ञान सम्पन्नताको महत्वपूर्ण हात रहेको हुन्छ । बालबालिकालाई सुरूका कक्षाहरूमा उनीहरूसँग परिचित छोटा निबन्ध लेख्न लगाएर लेखाइ सीप विकास गर्ने प्रयत्न गर्नु पर्दछ ।

वर्तमान नेपाली पाठ्यक्रमले कक्षा सातको निबन्ध शिक्षाको विभिन्न उद्देश्य राखेको छ । त्यस उद्देश्य अनुरूप सीप प्राप्ति भए नभएको, छात्र र छात्रामा निबन्ध लेखन स्थिति कस्तो रहेको छ , निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ, नेपाली मातृभाषी र गहै नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो रहेको छ भन्ने कुराको अध्ययन गर्न प्रस्तुत गरिएको सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन शीर्षकमा निम्नलिखित समस्याहरू रहेका छन् :

क) सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता के कस्तो रहेको छ ?

ख) निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति कस्तो रहेको छ ?

ग) भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो छ ?

घ) लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्धलेखन स्थिति कस्तो रहेको छ ?

ङ) कक्षा सातमा निबन्धलेखन सम्बन्धी के कस्ता कमिकमजोरी रहेका छन् र सुधारका लागि के कस्ता उपायहरू रहेका छन् ?

## १.५ अध्ययनको उद्देश्य

कुनै पनि कार्य सम्पन्न गर्नका लागि लक्ष्य र उद्देश्यहरू हुनु आवश्यक पर्दछ । त्यसैले प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु,

ख) निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पहिल्याउनु,

ग) भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पहिचान गर्नु,

घ) लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्धलेखन तुलनात्मक स्थिति पत्ता लगाउनु,

ङ) कक्षा सातमा निबन्धलेखन क्षमता सम्बन्धी कमिकमजोरी सुधारका लागि सुझाव प्रस्तुत गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

अनुसन्धानका क्रममा पूवकार्यको समीक्षा प्रारम्भिक चरण हो । कुनै पनि शोधकर्ताले शोधपत्र तयार गर्दा शोत्र तयार गरिने विषयमा अनुसन्धान गर्नु पूर्व आफू भन्दा अगाडि गरेको वा भैसकेका अनुसन्धानात्मक कृति वा सम्बन्धित पुस्तक, पत्रपत्रिका तथा लेख रचनको सूक्ष्म अध्ययन गर्नु पर्दछ । अनुसन्धान कार्य नयाँ कुरा मात्र पत्ता लगाउनु नभएर पुरानै कुरालाई सही तथ्यका आधारमा परिमार्जित पार्नु पनि हो । त्यसैले शोधकार्य गर्दा सम्बन्धित क्षेत्रमा के कस्ता अध्ययन अनुसन्धान भएका छन् भन्ने जानकारी हासिल गर्न पूर्वकार्यको समीक्षा आवश्यक पर्छ । आफूले गर्न लागेको अध्ययन नयाँ छ वा छैन भन्ने कुराको पत्ता लगाउनु साथै शोधकार्यका लागि विधि, प्रक्रिया, तथ्याङ्क शास्त्रीय पद्धति र उपकरणको विषयमा ज्ञान हासिल गर्न अनि शोधकार्य भैसकेको र हुन बाँकी विषयमा जान्न पूर्वकार्य समीक्षा गरिनु पर्छ ।

पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्याको विशिष्टिकरण गर्न, पृष्ठभूमि प्रदान गर्न, पुनरावृत्तिका सम्भावनालाई हटाउन, चुरो पत्ता लगाउन, समस्याको

औचित्य स्थापित गर्न, विश्लेषणको आधार खोज्न, शोधको आवश्यकता बोध गराउन सहयोग पुऱ्याउन (शर्मा र लुइटेल, १०५२ : २८) । त्यसैले पूर्वकार्यको समीक्षाले शोधार्थीलाई सो मा गर्नुपर्ने कामको निर्देश गर्छ, यो नै पूर्वकार्यको समीक्षा हो ।

नेपाली भाषाका चार सीप मध्ये लेखाइ सीपसँग सम्बन्धित एउटा उत्कृष्ट विधा निबन्ध हो । प्रस्तुत अध्ययनसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक प्रकाशन तथा चिट्ठी, निवेदन, कथा, सारांश, निबन्ध लेखन सम्बन्धी अनुसन्धान भैसकेका छन् । सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन सम्बन्धि अध्ययनसँग निकटवर्ती पुस्तक र लघु अनुसन्धानको समीक्षा निम्न अनुसार गर्न सकिन्छ :

प्रा.डा. यादवप्रसाद लामिछाने द्वारा लिखित "नेपाली भाषा शिक्षण परिचय" (२०५७) नामक पुस्तकमा विशेष गरी माध्यमिक तहमा विभिन्न विधाहरूको शिक्षण कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेका पाइन्छ । पच्चिस वटा एकाइ रहेको उक्त पुस्तकमा एकाइ एघारमा लेखाइ शिक्षण रहेको छ । जस अन्तर्गत लेखाइ शिक्षणको आवश्यकता लेखाइ शिक्षणका कार्यकलापहरू, माध्यमिक तहमा लेखाइ शिक्षणको महत्व, निर्देशित स्वतन्त्र र सिर्जनात्मक लेखाइमा पाइने कमजोरी तथा तिनका निराकरणका उपायहरू र लेखाइ शुद्धिकरण जस्ता उपशीर्षकहरूको चर्चा परिचर्चा गरिएको पाइन्छ । त्यस्तै एकाइ उन्नाइसमा निबन्ध शिक्षण रहेको छ । जस अन्तर्गत निबन्ध शिक्षणको प्रयोजन, निबन्ध शिक्षणका विधिहरू, निबन्ध शिक्षणको क्रम र निबन्ध शिक्षणका कार्यकलाप रहेका पाइन्छन् ।

प्रा.डा. केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलद्वारा लिखित "नेपाली भाषा र साहित्य शिक्षण" (२०६०) नामक पुस्तक विशेष गरी उच्च तहका कक्षाहरूका विभिन्न विधाहरूको शिक्षणमा केन्द्रित रहेको पाइन्छ । जसमा एक्काइस अध्याय रहेको उक्त पुस्तकको अध्याय पाँचमा भाषिक सीप तथा कला सन्दर्भमा पहिलो र दोस्रो भाषाका रूपमा नेपाली शिक्षण रहेको पाइन्छ । जस अन्तर्गत परिचय, श्रुतिबोध शिक्षण, वक्तुत्वकला शिक्षण, वर्णविन्यास शिक्षण र नेपाली शिक्षणका सहकार्यकलापहरू जस्ता उपशीर्षकहरू रहेका छन् । लेखन कला शिक्षण अन्तर्गतको उपशीर्षकमा लेखन

कलाको प्रयोजन, लेखनकलाका कार्यकलापहरूः यान्त्रिक, निर्देशित, स्वतन्त्र तथा सिर्जनात्मक विषयको उल्लेख गरेको पाइन्छ । त्यस्तै अध्याय नौ मा भाषा शिक्षण र साहित्य शिक्षण रहेको पाइन्छ । जस अन्तर्गत भाषा र साहित्य शिषण, कविता शिक्षण, नाटक एकाङ्की शिक्षण, निबन्ध शिक्षण, कथा उपन्या शिक्षण र साहित्यशास्त्र शिक्षण जस्ता उपशीर्षकहरू रहेका छन् निबन्ध शिक्षण उपशीर्षकमा परिचय निबन्ध शिक्षणको प्रयोजन, निबन्ध शिक्षण प्रक्रिया र निबन्ध शिक्षण क्रम जस्ता विषयको उल्लेख गरिएको छ ।

स्नातकोत्तर तहको उपाधी प्राप्तिका लागि शिक्षा शास्त्र सङ्कायका नेपाली भाषा शिक्षा विभाग अन्तर्गत दानबहादुर के.सी. बाट “कक्ष आठमा अध्ययन गर्ने विद्यार्थीहरूको नेपाली विराम चिह्नको प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन” (२०६०) शीर्षकमा एक महत्वपूर्ण शोत्रकार्य भएको पाइन्छ । निकै मिहिनेतका साथ तयार गरिएको उक्त शोधपत्रमा कक्षा आठका विद्यार्थीहरूमा पाठ्यक्रमले तोकेको विराम चिह्नहरूको सैद्धान्तिक ज्ञानको पहिचान गर्न तथा विराम चिह्न प्रयोगमा कक्षा आठका विद्यार्थीहरूको क्षमता पहिल्याउनु रहेको छ । अध्ययन विधिका रूपमा काठमाडौँ कीर्तिपुर ग्रामीण र नगर क्षेत्रका निजी र सरकारी गरी छ वटा विद्यालयका जम्मा २० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनौट गरिएको छ । विद्यार्थीहरूको विराम चिह्न प्रयोगको स्थिति पत्ता लगाउनु, कक्षा आठको पाठ्यपुस्तकबाट श्रुतिलेखन, वस्तुगत प्रश्नमा कुने पनि चिह्न प्रयोग गर्न लगाउने र स्वतन्त्र लेखनका रूपमा पाठ्यपुस्तककै कथा ‘अल्छि पुपुरो’ कथाबाट चार किसिमका प्रश्नावली तयार पारी परीक्षण गरिएको छ । परीक्षणबाट प्राप्ताङ्कलाई तथ्याङकीय विधि उपयोग गरी व्याख्या र विश्लेषण गर्ने कार्य भएको छ । कक्षा आठमा अध्ययन क्रममा मध्यमानलाई हेर्दा मध्यमान भन्दा माथि ५० र मध्यमान भन्दा मुनि ५० प्रतिशत विद्यार्थीहरूको विराम चिह्न प्रयोगको स्थिति सन्तोषजनक नभएको निष्कर्ष निकालिएको छ । अध्ययनका क्रममा निस्किएको निष्कर्ष र कमिकमजोरीलाई सम्बोधन गर्ने उद्देश्यले बुँदागत रूपमा सुझावहरू प्रस्तुत गरिएको छ ।

टिकाप्रसाद गौतमद्वारा शिक्षाशमास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर अन्तर्गत सिन्धुली जिल्लामा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको एक अध्ययन (२०६७) शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरू सिन्धुली जिल्लामा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउनु, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्यन गर्नु, मातृभाषी र विभातृभाषी नेपाली विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तलना गर्नु, उनीहरूका कमिकमजोरी पत्ता लगाई निराकरण गर्नु र सुझाव दिनु रहेको छ । प्रस्तुत शोधपत्रमा क्षेत्रीय अध्ययन विधिद्वारा नमूनाका रूपमा सिन्धुली जिल्लाको नगरपालिका भित्र पर्ने चारवटा विद्यालयमा जम्मा ८० जना विद्यार्थी रहेका छन् । विद्यार्थीहरूलाई दिइएको शीर्षकको परीक्षण पश्चात नतिजाको व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधमा सरकारी विद्यालयका विद्यार्थीहरूको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता कम रहेको, विमातृभाषी नेपाली विद्यार्थीको तुलनामा मातृभाषी नेपाली विद्यार्थीको निबन्ध लेखन क्षमता राम्रो रहेको र छात्राको तुलनामा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## १.७ अध्ययनाको औचित्य

कुनै नयाँ कुरा पत्ता लगाउने वा पुरानै सत्यको परीक्षण वा पुर्नव्याख्या गर्ने काम नै अनुसन्धान हो । यो आफैमा एक महत्त्वपूर्ण र चुनौतिपूर्ण कार्य हो । अनुसन्धान निश्चित, व्यवस्थित र वैज्ञानिक विधिमा आधारित हुन्छ । चाहे त्यो जुनसुकै विषयवस्तु र शीर्षकमा आधारित नहोस ? भाषा शिक्षण भनेको भाषिक सीपको शिक्षण भएकाले यससँग लिखित भाषिक स्वरूपलाई प्रयोगमा ल्याइन्छ । लिखित रूप औपचारिक प्रवृत्तिको हुन्छ । त्यसैले मौखिक भाषालाई स्थायीत्व दिनका लागि लिखित रूपको आवश्यकता पर्दछ । कक्षाबाट बालबालिकाहरूलाई विभिन्न क्रियाकलापमा सहभागी गराई लेखन क्षमताको विकासका लागि क्रियशील गराइन्छ । विद्यार्थीको स्तर तथा कक्षाको स्तर अनुरूप लेखन क्षमता रहे नरहेको पहिचान गर्नका लागि लेखन सीपसँग सम्बन्धित अनुन्धान महत्त्वपूर्ण हुने गर्दछ ।

निबन्धलेखन सीप कलाको सुरूको अवस्था हो । यो विद्यार्थीको स्वतन्त्र र सुगठित कला हो । यसमा विद्यार्थीले तर्कपूर्ण ढङ्गले आफ्ना भनाइहरू राख्न सक्दछन् । साना कक्षामा निबन्ध पाठय विषयवस्तुका दृष्टिकोणले समावेश गरिएका हुन्छन् भने माथिल्लो तहमा पाठ्य तथा लेख्य दुवै दृष्टिले समावेश गरिएको हुन्छ । तह अनुसार पाठ्यक्रमले राखेको निबन्धलेखन सीप सम्बन्धित उद्देश्यहरू पूरा भए नभएको हेर्न यस सम्बन्धि अनुसन्धान गर्नु अति आवश्यक देखिन्छ ।

प्रस्तुत शोधपत्र सिन्धुली जिल्लाका कक्षा सातमा अध्यनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययनमा केन्द्रित भएकाले यस निबन्धलेखनको प्रयोजन, उद्देश्य शिक्षण विधि, महत्त्व र प्रक्रिया आदि प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनामा विद्यार्थीको प्रक्रिया, विद्यार्थीको लैङ्गिकता, भाषिक पृष्ठभूमिका आधारमा निबन्धलेखनको तुलनात्मक अध्ययन गरिनुका साथै निबन्धलेखन क्षमातामा देखिएको कमिकमजोरीहरूलाई सम्बोधन गर्दै विभिन्न सुझाव समेत प्रस्तुत गरिने भएकोले सम्बन्धित विषय पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक, भाषा शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद्, अनुसन्धानकर्ता आदि लाई सहयोग प्रदान गर्ने भएकाले प्रस्तुत अध्ययनको औचित्य र महत्त्व स्पष्ट छ ।

एउटा गहन तथा जटिल विधाका रूपमा निबन्धलाई लिइन्छ । यो एउटा विद्यार्थीको स्वतन्त्र विधा हो । यसालई स्तर अनुसार विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म समावेश गरिएको हुन्छ । अहिलेको परिवर्तित समयको माग र आवश्यकतासँगै पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण विधि तथा पद्धतिमा समेत सुधार र परिमार्जित गर्दै लैजानुपर्ने भएकाले सो का लागि प्रस्तुत अनुसन्ध्येय अध्ययन मार्गदर्शन बन्न सक्नेछ ।

### १.८ अध्ययनको सीमा

अनुसन्धानको अध्ययन क्षेत्र आफैमा एउटा जटिल कार्य हो । अध्ययनमा निश्चित क्षेत्र र सीमा नतोकिए अध्ययन क्षेत्र सही बाटो अगाडि बढ्न सक्दैन । कुनै पनि अध्ययको क्षेत्र, परिवेश तथा सामग्री आदि व्यापक र विस्तृत हुन्छन् । अनुस्न्ध्यय

अध्ययन क्षेत्रको भौगोलिक विकटता, समयको अभाव, मौसम तथा वातावरणको अवस्था, आर्थिक समस्या आदिको कारणले अध्ययनको सम्पूर्ण पक्षलाई समेटन नसकिने हुँदा अध्ययनलाई तथ्यपूर्ण र प्रभावकारी बनाउन अध्ययनका क्षेत्रलाई सीमित गर्नुपर्ने हुन्छ । यसै कुरालाई मध्यनजर गरी प्रस्तुत अध्यनमा निम्नलिखित क्षेत्र र सीमामा सीमित गरिएको छ :

क) प्रस्तुत अध्ययन सिन्धुली जिल्लाका निजी तीन र सरकारी तीन गरी जम्मा छ वटा विद्यालयमा सीमित रहेको छ ।

ख) उक्त विद्यालयका कक्षा सातमा अध्ययनरत १५/१५ जनाका दरले जम्मा ९० जना विद्यार्थीमा मात्र सीमित रहेको छ ।

ग) प्रस्तुत अध्ययन विद्यार्थीको समग्रता , लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिको आधारमा केन्द्रित रहेको छ ।

घ) प्रस्तुत अध्ययनको निष्कर्ष ९० जना विद्यार्थीहरूको परीक्षणबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या तथा विश्लेषणमा आधारित रहेको छ ।

## १.९ अध्ययन विधि

अनुसन्धान क्षेत्रमा अध्ययन विधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । अध्ययन गरिने विषय क्षेत्रका आधारमा अध्ययन विधिको प्रयोग गरिनुपर्ने हुन्छ । जसले गर्दा अध्ययन क्षेत्रलाई महत्त्वपूर्ण र प्रभावकारी बनाउन सकिन्छ । त्यसैले प्रस्तुत अध्ययनमा मुख्य रूपमा सर्वेक्षण विधि र क्षेत्रीय अध्ययन विधिको अवलम्बन प्रक्रिया अपनाइएको छ ।

### १.९.१ जनसङ्ख्या

प्रस्तुत अध्ययनमा जनसङ्ख्याका रूपमा सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनतर निजी तर्फबाट तीन र विद्यालयका ४५ विद्यार्थी र सरकारी तर्फबाट तीन विद्यालयका साथै ४५ विद्यार्थी गरी जम्मा छ विद्यालयका ९० जना विद्यार्थीहरू रहेका छन् ।

### १.९.२ नमूना छनौट

अध्ययनको व्यख्या र विश्लेषण गर्ने क्रममा सम्पूर्ण जनसङ्ख्याबाट लिइएको नमूना महत्त्वपूर्ण हुन्छ । त्यसैले समयको परिधि, भौगोलिक अवस्था, वातावरणीय मौसमी अवस्था, आर्थिक अवस्था आदि विविध कारणले गर्दा यस अध्ययन सिन्धुली जिल्लाका तीन सरकारी र तीन निजी विद्यालयका १५/१५ जना गरी जम्मा ९० जना विद्यार्थीहरूलाई नमूनाका रूपमा छनोट गरिएको छ ।

### १.९.३ सामग्री निर्माण

प्रस्तुत शोधपत्र मूलतः कक्षा सातमा अध्ययनरत विद्यार्थीले प्राप्त शीर्षकमा लेखिएको निबन्ध र प्राप्त तथ्याङ्कका आधारमा तयार पारिने भएकाले सामग्री निर्माणका लागि शोधकार्ताले विद्यार्थीको तह र स्तर अनुरूप निबन्ध लेखनको शीर्षक चयन गरिएको छ । निबन्धलेखनका रूपमा विद्यार्थीहरूको सामाजिक र शैक्षिक स्तरलाई ध्यानमा राखेर शीर्षक चयन गरिएको छ ।

### १.९.४ पूर्वपरीक्षण

शोधकार्यका क्रममा तयार पारिएका निबन्धलेखन सम्बन्धि शीर्षक के कति उपयुक्त हुन भन्ने जानकारीका लागि पूर्वपरीक्षण गरिएको छ । यस क्रममा सिन्धुली जिल्लाका सरकारी एक र निजी एक गरी दुई विद्यालयका १५/१५ जना विद्यार्थीहरूमा २/३ वटा शीर्षक दिएर निबन्ध लेख्न लगाइएको छ । प्राप्त उत्तर पुस्तिकाको परीक्षण गरी शोध विषय विशेषज्ञ, विषय शिक्षकको राय सल्लाह लिदैं उपयुक्त एउटा शीर्षक चयन गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

### १.९.५ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनमा तथ्याङ्कको सङ्कलन प्राथमिक र द्वितीय स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतमा सिन्धुली जिल्लाका छनोटमा परेका निजी तीन र सरकारी तीन विद्यालयमा शोधकर्ता प्रत्यक्ष उपस्थिति भएर तथ्याङ्कको सङ्कलन गरिएको छ भने द्वितीय स्रोतका रूप्मा विभिन्न पाठ्यक्रम, पाठ्यपुस्तक, शब्दकोष, विभिन्न लघु

अनुसन्धान, निबन्धलेखन सम्बन्धि लेख रचना, गुरू वर्गहरूका सुझाव र निर्देशन आदिलाई लिइएको छ ।

### १.९.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनमा सामग्री निर्माणका क्रममा चयन गरिको निबन्धलेखनको शीर्षकमा निबन्ध लेख्न लगाई सङ्कलित तथ्याङ्कलाई विभिन्न उपशीर्षकहरूमा छुट्टाछुट्टै तालिका प्रस्तुत गरिएको छ । शोधको उद्देश्य अनुरूप सङ्कलित तथ्याङ्कलाई प्रतिशतमा रूपातरण गरी प्रतिशतका आधारमा तुलनात्मक रूपमा व्याख्या तथा विश्लेषण गरिएको छ । अन्तमा निष्कर्ष निकाली सोही आधारमा उपयुक्त सुझाव समेत प्रस्तुत गरिएको छ ।

### १.१० अध्ययनको रूपरेखा

अध्याय एक : शोध परिचय

अध्याय दुई : निबन्धको सैद्धान्तिक परिचय

अध्याय तीन : निबन्ध तथा लेखाई शिक्षणको परिचय

अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

सन्दर्भ ग्रन्थ सूची

परिशष्ट

व्यक्तिवृत्त विवरण

# अध्याय दुई
# सैद्धान्तिक परिचय

## २.१ निबन्धको सैद्धान्तिक परिचय

### २.१.१ निबन्धको परिचय

मानवीय मनका भावनाहरूलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो । जो मानवीय र सामाजिक वस्तु हो । मानव उत्पत्तिको इतिहास जति लामो देखिन्छ , भाषाको इतिहास पनि त्यति नै लामो देखिन्छ । भाषाको इतिहासलाई फर्केर हेर्दा यो सुरूमा उच्चार्य र कथ्य रूपमा रहेको पाइन्छ । मानवीय सभ्यता र परिवर्तनशील समयका साथसाथै भाषाले पनि शुद्धता प्रदान गर्दै गयो । सुरूमा कथ्य रूपबाट विकसित भएको भाषाले पनि साहित्यिक स्वरूप ग्रहण गर्नासाथ यसमा भेद उपभेद देखिन थाले ।

निबन्ध साहित्यका विधाहरू मध्ये पछि मात्र विकसित भएको विधा हो । निबन्धले आफ्नो विधागत अस्तित्वलाई प्राप्त गर्नु पूर्व साहित्यको सिङ्गै धरातललाई दुई तहमा राखेर अध्ययन गर्ने प्रचलन थियो । ति दुई भागामा श्रव्य र दृश्य थिए । प्राचिन समयमा साहित्य बाँडेर अध्ययन गर्ने परम्परा रहेको पाइन्छ  र यिनै दुई भागमा विकसित हुँदै अधुनिकता ग्रहण गर्न पुगेको देखिन्छ । काव्यका रूपमा संरचनालाई आधार बनाएर पनि अन्य विविध आधारमा वर्गीकरण र विभाजन गरिने कोशिस गर्न थालियो । साहित्यको इतिहासमा गद्य र पद्य दुवै साहित्यको समीक्षा हुन थाल्यो । यसरी गद्य र पद्य साहित्यको अवाधारणा तय भयो । छन्द शास्त्रीय नियम अनुसार छन्दमा बाँधिएको भाषाको साहित्यिक रूपलाई पद्य छन्दमा नबाँधिएको भाषाको साहित्यिक रूपलाई गद्य मान्न थालियो ।

निबन्ध साहित्यको गद्य विधा अन्तर्गत पर्ने अहिलेको जल्दोबल्दो विधा हो । निबन्ध सरल र जटिल अभिव्यक्ति सँगसँगै हिड्ने आत्मपरक र वस्तुपरक अभिव्यक्ति हो । साहित्यमा गद्य विधाको अभिव्यक्ति क्षमता र सरल र सबल हुँदै गएपछि रचित वस्तुको प्रकाशन, प्रसारण, वितरण र संरक्षण एवम् सुपठन वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध पनि एउटा दुट्टै विधाका रूपमा सिर्जना भयो । यसरी

विश्व साहित्यमा निबन्ध कनिष्ठ विधाका रूपमा देखा पर्न थाल्यो । निबन्धमा स्रष्टाको विशेषताले पाठकलाई आत्मीय बनाएको हुन्छ । मानवीय जीवनका भोगाइका तीता-मीठा भावना आँखा सामु हुन्छन् । यसैगरी विषयवस्तुबाट एक पक्षको सानो विन्दु वा घटनालाई लिएर निबन्धलेखनको थालनी हुन्छ । यसरी सीमित घेराभित्र असीमित विचार व्यक्त गर्ने र लगभग एक बसाइमा पढिसकिने गद्य अभिव्यक्ति नै निबन्ध हो । निबन्ध भावनाको सहज स्थितिमा उत्पन्न हुन्छ र सहज समापनमा टुङ्गीन्छ । यसमा लेखको भावनात्मक संवेगको पनि प्रयोग भएको हुन्छ । निबन्ध लेखन एक कला हो । साधन र अभ्यासले कलामा चमक ल्याउँछ भने झैं अध्ययन र अभ्यासले अभिव्यक्तिमा परिपक्वता ल्याउँछ । अभिव्यक्तिको सीपमा जति परिपक्वता आयो निबन्ध पनि त्यति नै प्रौढ बन्न पुग्दछ । यसरी निबन्धको परिपक्वतालाई लेखाइ पक्षको महत्त्वपूर्ण रूप दिनका लागि प्रयोग गरिने अन्य विधा हरू जस्तै, निबन्ध विधा पनि महत्त्वपूर्ण रहेको छ ।

निबन्धलेखन एक कला हो । कलामा चमकता ल्याउनका लागि साधना र अभ्यासको निरन्तरता आवश्यक हुन्छ । निबन्ध अन्य विधाहरूका तुलनामा छुट्टै अस्तित्व राख्ने विधा हो । यो व्यक्तिका सुख दुःख, हारजित, हर्ष, विस्मात् आदि दैनिक अभिव्यक्ति दिने गद्य विधा अन्तर्गतको विशिष्ट एवम् नवीन विधा हो । निबन्ध हृदयका तरल स्पन्दन र मस्तिष्कको रमरम बौद्धिकताको  सम्मिक्षण हो । निबन्धलाई दुई तहमा वर्गीकरण गरिएको छ । आत्मापरक र वस्तुपरक तसर्थ निबन्ध भनेको जजुनसुकै विषयमा स्वतन्त्र ढङ्गले सोच्नु, विचार गर्नु र आफ्नो भावनात्मक अभिव्यक्तिलाई निन्त्रित रूपले पोखिनु हो । निबन्ध विधाले कथा, कविता, नाटकसँगै साइनो गासेको पाइन्छ । यसरी निबन्ध स्वतन्त्र र औपचारिक गद्य विधा हो । निबन्धलाई छोटकरीमा निम्नानुसार चिन्न सकिन्छ :

- लघुत्तम आयाममा समेटिएको गद्य विधा,
- मनमा उब्जेका भावना, कल्पना पोख्ने माध्यम,
- आत्मापरक र वस्तुपरक रूपमा प्रस्तुत हुनसक्ने,

- सूक्ष्मदेखि विराट अध्ययनको विषयवस्तु समेट्ने,
- प्रस्तुतिमा कलात्मक शैली पाइने,
- निरन्तर साधना र अभ्यासबाट लेखनकला विकास हुने,
- कुनै एक विषयमा गरिने वर्णन,
- आदि, मध्य र अन्त्यको श्रृङ्खलाबद्धता,
- साहित्यको नवीन, कनिष्ट र स्तरीय विधा,
- अन्य विधासँग मिल्दो देखिने,
- सरलता र जटिलताको बीचमा हिँड्ने,
- वियवगत शैलीमा मानवीय भावना पनि उजागर हुने, आदि ।

### २.१.२ निबन्ध : व्युपत्ति र अर्थ

'निबन्ध' शब्दको व्युत्पत्ति र अर्थ पूर्वीय साहित्य तथा पश्चिमी साहित्यमा आ-आफ्नै ढङ्गले गरेको पाइन्छ । पूर्वीय साहित्यमा निबन्धको शाब्दिक प्रयोग निम्नानुसार भएको पाइन्छ । 'निबन्ध' शब्द संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । संस्कृत भाषको 'बन्ध्' धातुमा 'धञ (अ) प्रत्यय लाग्दा 'बन्ध' शब्द बन्छ र त्यस 'बन्ध' शब्दमा 'नि' उपसर्ग लाग्दा 'निबन्ध' शब्द बन्दछ । ययसरी नि+बन्ध +धञ् (अ) मिलेर बनेको 'निबन्ध' शब्दको व्युत्पत्तिमूलक अर्थलाई जोडेर हेर्दा यसले जीवनजगत्का कुनै विषयलाई सौन्दर्यपूर्ण गद्य भाषाका माध्यमबाट लघुआयाममा प्रकट गरिएको साहित्यिक विधालाई बुझाउँछ (भण्डारी र अन्य, २०६५ : ४९७) ।

पूर्वीय साहित्यमा 'निबन्ध' शब्दको निकै चर्चा भएको पाइन्छ । त्यस समयमा भोजपत्रहरू समेटेर बाँध्ने तात्पर्य निबन्धको प्रयोग भएको पाइन्छ । कुनै पनि विचार वा भाषालाई बाँध्ने वा प्रबन्धन गर्ने सन्दर्भमा 'निबन्ध' शब्दको प्रयोग भएको मानिन्छ । गीतामा 'निबन्धमा सुरीमाता' भनेर निबन्धलाई सांसारिक मायामा बाँध्ने साधनका रूपमा परिचित गराइएको छ । याज्ञबल्व्य स्मृतिमा 'निबन्ध' द्रव्यमेव च भनेर सांसारिक सम्पूर्ण पदार्थका रूप्मा निबन्धलाई अर्थयाइको छ भने हेमचन्द्रले यसको अर्थ बन्धन र मूल विरोध ग्रन्थहरूको सङ्ग्रहित ज्ञानका रूपमा लगाएका छन् । वामनद्वारा

सम्पादित संस्कृत हिन्दी शब्दको वामन निबन्धलाई बाँध्नु, जोड्नु, आशक्ति रचना, कुनै साहित्यिक ग्रन्थ वा कुनै कृतिको टीका, कनै सङ्ग्रह, श्रृङ्खला आदि अनेक अर्थ दिइएको छ (उपाध्याय, २०५८ : १६०) ।यस्ता शाब्दिक अर्थमा व्याख्यायित अर्थ दिने सुगठित एवम् सुव्यवस्थित विधाका रूपमा स्थापित भएको छ ।

पाश्चात्य साहित्यमा फ्रान्सेली स्रष्टा तथा निबन्धकार मिचेल डि मोन्टेनले विधा विशेषका अर्थमा सर्वप्रथम सन् १८५० मा निबन्ध शब्दको प्रयोग गरेको पाइन्छ । यस रचनालाई ग्रिसेली भाषामा इसाइज (Essais) शब्दले सम्बोधन गरियो । जसको अर्थ अंग्रेजीमा (Easy) र नेपालीमा निबन्ध हुन्छ । Easy को मौलिक अर्थ प्रयत्न वा प्रयास भन्ने हुन्छ भने नेपालीमा चाँहि जमर्को भन्ने हुन्छ (सुवेदी, २०६३ : १) । अन्सफोर्ड एड्भान्स लर्नस अफ करेन्टइङ्गलिसमा निबन्धलाई कुनै पनि विषयमा लेखिएको सङ्क्षिप्त गद्यात्मक रचना पनि भनिएको छ । नेपाली साहित्यमा निबन्ध सामन्यतया यसैको पर्यावाची कै रूपमा प्रयुक्त छ । निबन्ध स्रष्टाको विशेष मनोदशामा सृजना हुने संक्षिप्त आयतनको कृति हो । अपूर्णतामा पूर्णताको अन्वेषण गर्ने प्रयत्न गरिने रचना विशेष हो । यसमा सीमित घेरामा पनि व्यापक चिनाउने काम गरिन्छ । निबन्धमा स्राष्टाका वैशिष्ट्यले पाठकलाई आत्मीय बनाएको हुन्छ । कुनै वस्तु विषय, प्रकृतिक स्वरूप र गुणदोषमा देखिएको व्यक्तिगत चिन्तनधारा निबन्धले ग्रहण गरेको हुन्छ । छरिएर रहेको चिन्तन भित्र पनि नियमित रखाइ निबन्धको विशेषता हो ( निरौला, अप्र. शोध, २०६६ : १७) । आधुनिक सन्दर्भमा निबन्धका बारेमा अझ प्रष्ट हुन निम्न लिखित नेपाली शब्दकोषमा शाब्दिक अर्थहरूलाई कोट्यानु सान्दर्भिक हन्छ ।

कुनै वस्तुलाई लिइएर कलात्मक वा वस्तुपरक पाराले गद्यमा लेखिएकोले छोटो साहित्यिक रचना, साहित्यको एवम् गद्य विधा (नेपाली वृहत शब्दकोश (सम्प.) ने.रा.प्र.प्र. काठमाडौं : २०५८ : ६८) ।

कुनै विचार तथा भावका श्रृङ्खलाबद्ध अभिव्यक्ति भएको रचनाको प्रबन्ध, निबन्ध आत्मापरक र वस्तुपरक दुवै शैलीमा लेखिन्छ (प्रयोगात्मक नेपाली शब्दकोश, दो. सं. २०६३ : ५५१) ।

माथि उल्लेख गरिएका विभिन्न अर्थहरूबारे केलाउँदा कुनै विषयवस्तुलाई लिएर आत्मपरक वा वस्तुपरक शैलीमा श्रृङ्खलाबद्ध रूपमा लेखिएको गद्यात्मक अभिव्यक्ति नै निबन्ध हो । साहित्यको सिर्जतात्मक र स्वतन्त्र विधाका रूपमा पनि निबन्धलाइए चिनिएको छ ।

### २.१.३ निबन्धको परिभाषा

निबन्धको प्रारम्भ र विकास नेपाली साहित्यका अन्य विधाका तुलनामा अपेक्षकृत रूपमा निकै पछि भएको हो । साहित्यका अन्य विधाका तुलनामा पछि विकसित भएकाले निबन्धको परिभाषा गर्ने कार्य पनि निकै पछि आरम्भ भएको देखिन्छ । निबन्धलाई चिनाउने क्रममा पूर्वीय र पश्चात्य विद्वान्हरूले आ-आफ्नै ढङ्गले परिभाषा दिएका छन् । निबन्धको जन्म पाश्चात्य साहित्यमा इस्वीको सान्हौं शताब्दीको उत्तरार्द्ध इ.पू. १५८० मा युरोपको फ्रान्स र बेलायतमा भएको हो । यसका प्रारम्भकर्ताका रूपमा भन्नुपर्दा फ्रान्सेली स्रस्टा मोन्तेन र बेलायती निबन्धकार बेकनलाई लिइन्छ । यसरी निबन्ध विधाको आरम्भ भएको पाइन्छ । साहित्यिक विधाका सर्वमान्य परिभाषा पाउनु कठिन कुरा हो । यो समयका अनुसार निरन्तर परिवर्तन भइरहन्छ । समयका गतिशीलताका कारण मानिसको सोचाइमा परिवर्तन आउँदा सिर्जनामा पनि त्यसको प्रत्यक्ष असर पारेको हुन्छ । साहित्यिक सिर्जनामा मानवीय चेतनाको उपज भएकाले सधै एउटै रूपमा रहिरहँदैन । ऐतिहासिक रूपमा साहित्यका सबै विधाहरू परिवर्तन भइरहन्छन् । साहित्यका अन्य विधाका तुलनामा निकै पछि देखापरेको निबन्धका मान्यता सम्बन्धि धारणामा पनि अहिलेसम्म फेरबदल भइसकेको छ । निबन्धलाई चिनाउने र परिभाषित गर्ने क्रममा पूर्वीय र पाश्चात्य विद्वान्हरूको आ-आफ्नै धारणा व्यक्त गरेका छन् । यहाँ प्रमुख परिभाषाकारहरूको अवधारणा उल्लेख गरिन्छ ।

**फ्रान्सेली निबन्धकार मोन्तेनका विचारमा** : "मेरा रचनाहरू म स्वयम्का अन्तरात्मा अरू पाठक सामु पुऱ्याउने प्रयत्न मात्र हुन् । यिनमा मेरै विचारमा र कल्पनाभन्दा बाहेक कुनै नयाँ खोज र अन्वेषण केही छैन न(यौपाने, २०५९ : १५५) ।"

**बेकनका अनुसार** : "विकीर्ण चिन्ताको समग्र प्रस्तुतीकरण निबन्ध हो । केही संक्षिप्त टिप्पणी भएका जहाँ जिज्ञासा र भावनात्मकताको स्थानमा अभिप्राय वा विचारात्मकताको मात्र अधिक रहन्छ, तिनीहरू निबन्ध हुन् ।"

**जोन्गुलाबरायका विचारमा** : "निबन्ध त्यस प्रकारको गद्य रचाना हो, जसमा सीमित आयामभित्र कुनै विषयको वर्णन वा प्रतिपादन विशिष्ट निजीपन, स्वच्छन्दता, सजीवता र सङ्गतिपूर्ण तथा सुसम्बद्धतापूर्वक गरिएको हुन्छ ।"

**नगेन्द्रका विचारमा** : "निबन्ध त्यस कलात्मक गद्य लेखलाई भनिन्छ, जहाँ वैयक्तिक दृष्टिकोण तथा आत्मिक ढङ्गले विषयको प्रवाहपूर्ण वर्णन हुन्छ र जुन आफ्नो सङक्षिप्त आकारमा स्वत : पूर्ण हुन्छ ।"

**महाकवि लक्ष्मीप्रसाद देवकोटाका विचारमा** : "यो रौंचिया दर्शन होइन, न हो पण्डित्य दर्शनको ठ्यासफू ! यसमा गृहशील विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरूरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो । जो सडकमा हिँड्दा कहिले ढुङ्गाहान्छ, कतै-कतै आनन्दले फुलेर हेर्छ तर दोहोरिँदैन पाठधोकुवा हलन्तेको मिजाजले । यो एक किसिमको मनको जालिले जगत्मा लहडी माछा मार्ने कला हो । यो टेबिल गफ हो, चश्मादार अध्ययापकको व्याख्यान होइन नत बमन-वेदान्त । यसमा टर्रोपन हुँदैन, यो लच्किन्छ र घनिष्ठतातिर ओर्लिन्छ ।"

**इश्वर बरालका अनुसार** : "निबन्ध सत्य वस्तु देखाउने लेखकीय अर्न्तज्योतिको शाब्दीक रूप हो ।"

**बालकुष्ण पोखरेलका विचारमा** : "सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेक निजात्मक निबन्ध लेखको आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य स्रोतलाई सुनाएको गन्थन हो ।"

यसरी माथि उल्लेख गरिएका विभिन्न परिभाषाहरूको आधारमा निबन्धलाई निश्चित परिभाषा भित्र समेट्न सकिँदैन तर पनि विभिन्न विद्वान्हरूका फरक-फरक विचारहललाइ हेर्दा थोरा बहुत विचारमा समानता पाइन्छ । यसै पृष्ठभूमिमा

आवश्यकताको दृष्टिकोले निबन्धमा गद्यात्मकता, लघुता, वैयक्तिता घनिष्टता हनपर्दछ भन्न सकिन्छ । सङ्क्षेपमा निबन्धमा वैयत्तिक विचार वा अनुभूति विशेषको गद्यात्मक अभिव्यक्ति हुन्छ । वास्तवमा निबन्ध भनेको गद्यमा अभिव्यक्ति हुने, व्यक्तिको मानोभावना प्रस्फुटित हुने आत्म प्रकाशनको माध्यम साहित्यको स्वतन्त्र र सिर्जनात्मक विधा हो । निबन्ध लेखनमा अनुभूतिको तिक्ष्णता, विचारको सशक्तता, कल्पनाको तिब्रतालई आवश्यक गुणका रूपमा लिन सकिन्छ । यो आफैमा पूर्णता, रोचकता र सजीवता भएको साहित्यिक विधा हो ।

## २.२ निबन्धको वर्गीकरण

निबन्धलाई निश्चित प्रकारमा विभाजन गर्ने कार्य कठिन हो तर निबन्ध पनि विभिन्न प्रकारमा विभाजन गरी लेखिएको छ । निबन्धका जन्मदाता मोन्तेनले निबन्धको सुत्रपात गरे भने फ्रान्सिस वेकनले वस्तुपरक निबन्धको आरम्भ गरे । निबन्ध साहित्यको विकास सँगसँगै निबन्धको प्रकृति, स्वरूप, संङ्गठनमा पनि विकसित हुँदै गएको छ । यसै क्रममा निबन्धलाई मुख्य तीन भेद र तिनका विभिन्न उपभेदमा विभाजन गरिएको पाइन्छ ।

१) भावको आधारमा निबन्धको वर्गीकरण

क) निजात्मक वा साहित्यिक निबन्ध

अ) आत्मपरक निबन्ध

आ) भावत्मक निबन्ध

इ) विचारात्मक निबन्ध

ख) वस्तुपरक निबन्ध

अ) वर्णनात्मक निबन्ध

आ) विवरणात्मक निबन्ध

२) विषयवस्तुका आधारमा निबन्धको वर्गीकरण

क) प्रकृतिपरक निबन्ध

ख) सामाजिक निबन्ध

अ) हाँस्यव्यङ्ग्य निबन्ध

आ) प्रगतिवादी निबन्ध

ग) यात्रा संस्मरणात्मक निबन्ध

घ) राजनीतिक निबन्ध

ङ) धार्मिक निबन्ध

च) दार्शनिक निबन्ध

छ) आत्मकथात्मक निबन्ध

३) वाद एवम् धारका आधारमा निबन्धको वर्गीकरण

क) प्रगतिवादी निबन्ध

ख) स्वच्छन्दवादी निबन्ध

ग) आदर्शवादी निबन्ध

घ) मयार्दावादी निबन्ध

ङ) अतियथार्थवादी निबन्ध

च) अस्तित्ववादी-विसङ्गतिवादी निबन्ध

छ) प्रयोगवादी निबन्ध आदि ।

**२.३ निबन्धका तत्वहरू**

निबन्धभित्र अनिवार्य रूपले रहने साधनहरू नै निबन्धका प्रमुख तत्वहरू हुन् । निबन्धको विषय व्यापक हुन्छ । निबन्धकारले निबन्ध लेख्नेक्रममा आफ्नो रूचि र स्वभाव अनुसार जस्तो शीर्षक पनि चयन गर्न सक्छ । विषयवस्तुलाई निबन्धकारले आफ्नो इच्छा अनुसार प्रधान वा गौण रूपमा प्रस्तुत गर्न सक्छ तर विषयवस्तुको अनुपस्थितिमा निबन्ध लेख्न सम्भव छैन । जीवन जगत्का अहिले वा पछिका विषयहरू मध्ये कुनै पनि पक्षलाई टिपेर निबन्ध सिर्जना गर्न सकिन्छ । त्यसैले पनि विषयको व्यापकता निबन्धको आवश्यक तत्व मानिन्छ । सफल निबन्धकारका निम्ति विद्वान्हरूले राखेका विचारहरूलाई नियाल्दा तीनवटा प्रमुख तत्वहरू निबन्धको संरचनामा प्रमुख आधारहरू देखिन्छन् ।

**क) विषयवस्तु**

विषयवस्तु भन्ने वित्तिकै निबन्धको मूल तत्वका रूपमा मानिन्छ । निबन्ध विचार प्रधान साहित्यिक विधा हो । यस विधामा लेखकको भाव वा विचारले मुख्य

भूमिका खेल्दछ । असल निबन्धका लागि विषयवस्तु प्रथम अपरिहार्य तत्व हो । निबन्ध वर्णन हो भने त्यसमा वर्णन हुने विषयले निबन्धको आफ्नोपनलाई बाल्दछ । विषयवस्तुभित्रका मानवीय विचार, भाव, घटना, तर्क, चिन्तन, स्थान, आदि समेत पर्दछन् । कुनै वस्तु वा घटनाको अवस्थामा मानिसमा हृदयमा प्रतिक्रिया जन्मन्छ । त्यही प्रस्फुटन वा प्रस्तुति नै निबन्धभित्रको विषयवस्तु हो । निबन्धमा विषयका आधारमा शृङ्खलाबद्ध अभिव्यक्ति हुनुपर्छ । असल निबन्धमा परिभाषा, पृष्ठभूमि, वर्णन, चिन्तन र उपसंहार  आदि क्रमैसँग सफल निबन्धकारले विषयवस्तुको समुचित व्यवस्थापन पनि गरेको हुन्छ । निबन्ध सूक्ष्मदेखि बृहतसम्म लेख्न सकिन्छ । विना विषयवस्तु निबन्धलेखनको कल्पना पनि गर्न सकिदैन ।

**ख) भाषाशैली**

निबन्धलाई कस्तो तरिकाले लेख्ने र कस्तो प्रयोग गर्ने हो यो नै भाषाशैली हो । स्रष्टाले विषयवस्तुको वर्णनमा आगमन वा निगमन विचको विधिको प्रयोग गर्न सक्छ । भाषाशैलीले नै निबन्धकारलाई रोचक र प्रभावकारी पार्ने गर्दछ । निबन्धकारले विषयवस्तुलाई शब्दका माध्यमले व्यक्त गर्ने हुँदा भाषाको आवश्यकता अत्यन्तै हुने गर्दछ । यस क्रमा कतै परिचयात्मक रूपमा त कतै विारात्मक रूपमा अनुभूतिको प्रस्तुततिकरण गरिन्छ । निजात्मक निबन्धका विषयको स्पर्शमा रहेर अनुभूतिलाई प्रथम पुरूष दृष्टिविन्दुको प्रयोग गरेको हुन्छ । परात्मक निबन्धमा चाहिँ अपेक्षाकृत रूपमा व्यक्ति सत्ताको आग्रह रखिए पनि विषयवस्तुको चिनाउने तीव्र प्रयास गरिन्छ । यस कोटीका निबन्धमा तृतीय पुरूण दृष्टिविन्दुको प्रयोग हुन्छ । निबन्धमा प्रयोग हुने शैलीमा धारा प्रवाह शैली, भावात्मक तथा एकोहोरो शैली, आलङ्कारिक शैली, व्यङ्ग्य शैली आदिको प्रयोग गरिएको हुन्छ ।

**ग) उद्देश्य**

हरेक निबन्ध कुनै निश्चित उद्देश्यका लागि लेखिन्छ वा केही उद्देश्य निबन्धकारले बोकेको हुन्छ । निबन्ध आफू स्वतन्त्र रही सिर्जनामा तल्लीन हुन्छ तर आत्म निवेदन, सूचनासम्प्रेषण, अनुभववर्णन, घटनावर्णन आदि कुराहरू उद्देश्य विना

स्रस्टाले निबन्ध लेखन कार्य अघि बढाउन सक्दैन उद्देश्य प्राप्ति केन्द्रित भएर मात्र लेखकले उचित विषयवस्तु र शैली चयन गर्न सक्दछ । यसरी हेर्दा निबन्धको निर्माणमा उद्देश्य अनिवार्य र महत्त्वपूर्ण तत्व देखिन्छ (ज्ञवाली, भट्टराई र आचार्य, २०६७: १३७-१३८) ।

## २.४ निबन्ध र प्रबन्धको तुलना

निबन्ध र प्रबन्धलाई धेरैले समान विधा भन्ने गर्छन् । दुबैमा धेरै कुरको समान्ता भएपनि यो दुई साहित्यिक भिन्न विधा हुन् । यसमा शब्द-सङ्गठन, बाह्य-स्वरूप वर्ग विषयका दृष्टिले दुवै मिल्दाजुल्दा छन् । आकार र शैलीमा पनि समानता हुन सक्दछ तर दुवैमा तात्विक भिन्नता छ । निबन्ध व्यक्तिको सशक्त प्रकाशनले नै निबन्धलाई जीवन्त शैली, भाषिक सङ्क्षिप्तता र तीव्र प्रवाहयता प्रदान गर्दछ ।

प्रबन्धमा व्यक्तित्व उजागर भएर आउँदैन । यसमा लेखक अप्रत्यक्ष रूपमा रहेर आफ्नो ज्ञान, दृष्टि, प्रकाशन, भाषाशैली प्रयोग गर्दछ । प्रबन्ध आकारमा निबन्ध भन्दा धेरै गुना ठूलो पनि हुन सक्छ । प्रबन्धमा निबन्धका तुलनामा शैलीगत शिलसिलता हुन्छ भने विचारको प्रधानता हुन्छ भने प्रबन्धमा लोकजी बनको समाजशास्त्रीय विश्लेषण र किताबी ज्ञानको प्रधानता हुन्छ । एवम् दृष्टिले निबन्धमा लेखकले धेरै स्वतन्त्रता प्राप्त गर्दछ र अभिव्यक्तिको अत्यन्त सरल साधनका रूपमा यसले आफ्नै विशेषता छ । यस विचारमा लेखकले जे सोचेको छ, जे अनुभव गरेको हुन्छ सो लेख्न सक्छ । दोस्रो दृष्टिले यो कठिन समेत हुन्छ, यसमा लेखकको अनभूति तिव्र छैन, जीवनदृष्टि पनि तीक्ष्ण छैन तर विचारमा मौलिकता पनि छैन र युक्तिहरू अकाट्य हुँदैनन् भने निबन्धमा जीवनता आउँदैन । त्यो लेखमात्र बनेको हुन्छ । प्रबन्धमा के छ भने लेखकसँग माथि उल्लेखित कुनै पनि गुण नभएपनि उसले शस्त्र सङ्ग्रहबाट काम चलाउन सक्छ । यसरी निबन्ध र प्रबन्धका आ-आफ्नै मर्यादाबन्धन हुन्छन् तथा छुट्टाछुट्टै स्वाधीन विचार शैली छन् (ढुङ्गेल र दाहाल, २०६७ : ३६३) ।

# अध्याय तीन

# निबन्ध तथा लेखन सीप शिक्षणको परिचय

## ३.१ निम्न माध्यमिक तहमा निबन्ध लेखन

कुनै पनि विषय वा शीर्षकमा केन्द्रित भएर स्वतन्त्रापूर्वक लेख्ने कार्य निबन्ध लेखन हो । यसमा अनुच्छेदको बाहुल्य रहन्छ । निबन्ध आत्मापरक र वस्तुपरक गरी दुइ किसिमले लेख्न सकिन्छ । निबन्धको लेखनको क्रममा विचार पुऱ्याउनुपर्ने कुरा चाहिँ एक पछि अर्को अनुच्छेदमा व्यक्ति हुने काहरू सम्बन्धित हुनु पर्दछ । विद्यार्थीको तहगत क्षमतको ख्याल गरेर मात्र निबन्ध लेखनमा सरिक गराउनु पर्दछ । माथिल्ला कक्षाहरूको आधारमा तल्ला कक्षाहरूमा निबन्ध लेखनको कार्यकलाप सञ्चालन गर्दा प्राथमिक तहका विद्यार्थीअरूका लागि त्यति उपयोगी सिद्ध नहुन सक्छ । तर निम्न माध्यमिक तहमा यसको अभ्यास गराइन्छ । यसको अभ्यास गराइले आत्मपरक र वैचारिक निबन्ध लेख्न लगाउनाले उद्देश्य अनुरूप लेखन सीपमा सहयोग पुग्दछ । अन्य विधाका तुलनामा निबन्धलेखन केही जटिल विषय भएकाले यसमा विद्यार्थीलाई संलग्न गराउनु भन्दा अगाडि नै वस्तु घटनान वा अनुभवका आधारमा केही अनुच्छेदसम्म लेख्न लगाएमा निबन्धलेखनमा सहयोग पुग्छ (लामिछाने, २०६७ : १०९) ।

निबन्धलेखनका क्रममा भाषाका चारवटै सीपको विकास विद्यार्थीमा हुन्छ । जसमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप हुनु पर्दछ । यी भाषाका सीप मध्ये निबन्ध प्रयोग हुने लेखाइ सीप हो । यो सीप नै महत्त्वपूर्ण सीपका रूपमा लिइन्छ । त्यसैले लेखाइ सीप विकासमा निबन्धलेखनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अभिव्यक्तिको प्रौढ र परिपक्व रूप लेखाइ भएकाले व्यक्तिका मनमा रहेका विचारहरू व्यक्त गर्ने माध्यम हो । निबन्धलेखनमा अनुच्छेद लेखनका लागि प्रयोग  गरिने धेरै जसो विषय शीर्षकहरू प्रयोगमा ल्याउन सकिन्छ । कुनै पनि वस्तु तथा चित्र वर्णन, अनुभव, घटना, यात्रावर्णन,मनोवादलेखन, चिट्ठी तथा निवेदन लेखन जस्ता विविध पक्षहरूको लेखन सीप विकासमा समेत निबन्धलेखनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

निबन्धलेखनले विद्यार्थीहरूमा सिर्जनात्मभक तथा कल्पनात्मक क्षमताको पनि विकास गराउँछ ।

निबन्धलेखन गरउँदा चलन चल्तिका शीर्षक दिदै विद्यार्थीको सामान्य ज्ञान र अनुभव क्षमता भन्दा बाहिर नजानेगरी छलफल गराउनु पर्दछ । शीर्षक छनौट गर्दा विद्यालयको प्रकृति र प्रयोजनलाई पनि ख्याल गर्नुपर्दछ । निबन्ध र निबन्धका प्रकारबारे परिचय दिनुपर्छ र तिनका उपयुक्त नमुनाहरू देखाउनुपर्छ  वा पढेर सुनाउनुपर्छ । विभिन्न शैलीका निबन्धहरू कक्षाकार्य वा गृहकार्यका रूपमा लेख्न लगाई प्रशस्त अभ्यास गराउनुपर्छ र प्रतियोगितात्ममक प्रविधि पनि अपनाउनु पर्छ (शर्मा र पौडेल, २०६० : १२८) ।

## ३.२ निम्न माध्यमिक तहमा निबन्ध शिक्षणको प्रयोजना

निबन्ध गद्य शैलीसँग सम्बन्धित साहित्यको सबभन्दा स्वतन्त्र विधा हो । निबन्ध खास गरी साहित्यिक विधाका रूपमा प्रयोग गरिने भए पनि विद्यालय स्तरमा लेख्य पाठय विधाकै रूपमा राखिएको पाइन्छ । माथिल्ला कक्षाहरूमा लेख्य विधाका रूपमा उपयुक्त यो विधा तल्ला कक्षामा भने पाठ्य विधाका दृष्टिले उपयुक्त मानिन्छ । यसले विद्यार्थीहरूमा निबन्ध लेखन सीप हाँसिल गराउँछ । विद्यालय तहमा निबन्ध विधा अन्य विधाभन्दा खदिलो, प्रौढ, पस्कृित, स्तरीय तथा बौद्धिक, अभिव्यक्ति समावेश भएको विधा हो । यसमा विद्यार्थीले आफूले देखेका, अनुभव गरेका, पढेका र आफ्ना विचारमा लागेका कुराहरूलाई सिलसिला मिलाएर लिखित रूपमा व्यक्त गर्ने अभिव्यक्ति हो । साहित्यि दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । साहित्यिक विधाका रूपमा यसको शिक्षणका मुख्य प्रयोजनहरू यस प्रकार रहेका छन् :

क) विद्यार्थीको निबन्धलेखन कलाको विकास गर्नु,

ख) विद्यार्थीले आफ्नो अभिव्यक्ति सहजै व्यक्त गर्नु,

ग) स्वतन्त्र विचार प्रकट गर्ने क्षमताको विकास गर्नु,

घ) स्पष्ट र शुद्ध रूपमा लेख्य अभिव्यक्ति गर्न सक्ने तुल्याउनु,

ङ) तर्कशक्तिको विकास गरी चिन्तन गरेर लेख्ने क्षमताको विकास गराउनु,

च)	बोध र अभिव्यक्तिको किसका साथै कुने विस्तारित सामग्रीहरूलाई आवश्यकता अनुसार सङ्क्षेप वा विस्तारमा व्यक्त गर्न सक्ने सीप विकास गर्नु,

छ)	साहित्यि सिर्जना तर्फ अभिप्रेरित गर्नु,

ज)	शब्द भण्डारको विकास गराउनु,

झ)	क्रमिकतामा आफ्ना स्वतन्त्र विचार प्रस्तुत गर्न सक्ने तुल्याउनु ।

### ३.३ निबन्ध शिक्षणका विधिहरू

निबन्ध एउटा साहित्यको स्वतन्त्र विधा हो, जसलाई मुख्य रूपमा लेख्य, पाठ्य विषयका रूपमा लिइन्छ । त्यसमा पनि धेरै पाठय विषय भएकाले वैचारिक दृष्टिले हेर्दा कथा र उपन्यास भन्दा यसमा महत्त्व बढी रहेको पाइन्छ । निबन्धमा द्रुत र गहन पठन दुवै विधिको प्रयोग गर्न सकिन्छ । विद्यार्थीमा सृजनात्मक तथा कल्पनात्मक क्षमताको विकास गराउन निबन्ध शिक्षणमा व्याख्या, तुलनात्मक, विश्लेषणात्मक र समीक्षात्मक आदि विधिको प्रयोग गर्न पनि सकिन्छ (लामछिाने, २०५७ : १४०) ।

केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल (२०६० : १९५) ले निबन्ध शिक्षणका विधिलाई प्रक्रियाका रूपमा यसरी प्रस्तुत गरेका छन् :

निबन्ध लेखन-शिक्षण र निबन्ध विधा-शिक्षण फरक-फरक कुरा हुन् । निबन्ध लेखन शिक्षण अन्तर्गतस अनुकरणात्मक लेखन निर्देशित लेखन तथा स्वतन्त्र लेखनका विभिन्न कार्यकलापहरू गराइन्छन् भने निबन्ध विधा शिक्षण अन्तर्गत साहित्यि विधाका रूपमा यसको आस्वादन लिने, भाव र विचार पक्डिने शैलीगत विशिष्टता अनुभव गर्ने बोध र खास गरी आत्मपरक अभिव्यक्तिको परिष्कार गर्ने उद्देश्यले यसको शिक्षणका कार्यकलापहरू तय गरिन्छ । यस दृष्टिले निबन्ध शिक्षणलाई पनि साहित्यि अन्य विधाको शिक्षणभन्दा भिन्न कार्य ठान्नु उचित हुँदैन । अत :  यसको शिक्षणका क्रममा पनि निम्न विधिहरू उपयोग गर्न सकिन्छ :

१. प्रवचन वा व्याख्यान विधि

२. छलफल विधि

३. स्वाध्ययन विधि

४. पठनबोध विधि

५. प्रस्तुतिकरण विधि

## ३.४ लेखाइ सीप

भाषाका चारवटा सीपहरू मध्ये लेखाइ सीप एउटा हो । यसमा व्यक्तिले आफ्ना मनमा लागेका अर्न्तभावनाहरूलाई ध्वान्यात्मक सङ्केतका माध्यम द्वारा लिपीको उपयोग गरी अभिव्यक्त गर्नु नै लेखाइ सीप हो । भाषाका दुइ रूप हुन्छन्, मौखिक र लिखित रूप । बोले विचार विनिमय गर्न नसकिने स्थितिमा लेखाइ सीपको सहयाता लिइन्छ । लेखाइ सीप विकासका लागि चित्र, वर्णन, अनुलेखन, श्रुति लेखन, चिठ्ठी लेखन, व्याख्या, कथालेखन, अनुच्छेद लेखन, निबन्धलेखन जस्ता कार्यकलापहरू गराइन्छ ।

मनोवैज्ञानिक दृष्टिकोणले पनि लेखाइ सीप वैयक्तिक सन्तुष्टिको माध्यम मानिन्छ । लेखाई सीपको महत्त्व हाम्रो दैनिक व्यवहारमा ठूलो छ । व्यवसायिक दृष्टिले पनि लेखाई सीपको निक्कै महत्त्व रहन्छ । सम्प्पूर्ण कार्यलयहरूमा लेखाइ सीपकै आधारमा कार्य सञ्चालन गरिएको हुन्छ । अगाडि भएका काम वा नियमहरूलाई पल्टाएर हेर्नका लागि लेखाइ सीप नै महत्त्वपूर्ण हुने हुनाले भाषाका चारवटै सीप मध्य लेखाई सीप बढी महत्त्वपूर्ण रहेको मानिन्छ ।

## ३.५ लेखाइ शिक्षणका आवश्यकता र महत्त्व

व्यक्तिका विचार वा भनाइलाई लिपिबद्ध गर्नु लेखाइ हो । लिपिमा सही चिन्हहरूको प्रयोग, सही हिज्जेको जानकारी तथा आफ्ना विचार कसरी अभिव्यक्त गर्ने भन्ने क्षमता विकास गर्ने शिक्षणकलालाई लेखाइ शिक्षण भनिन्छ । लेखाइ अभिव्यक्तिको विशिष्ट सीप हो । सिकारूहरूका लागि शैक्षिक, प्राज्ञिक तथा अन्य व्यवहारिक दृष्टिले उपर्युक्त हुने खालका लेखाइ सीपहरूको विकास गर्न उपर्युक्त लेख्य

चिह्न र लिपिहरूको उपयोग गरी स्तरीय लेखन सीप प्राप्त गराउनुलाई लेखाइ शिक्षण भनिन्छ । व्यक्तिले अनुभव गरेका ज्ञान तथा कल्पना गरेका कुराहरूलाई प्रभावकारी एवम् कलात्मक अभिव्यक्ति दिने सीप भनेको लेखन सीप हो । लेखन सीपको उपयोगबाट व्यक्तिका जीवनमा आई पर्ने व्यवहारिक समस्या समाधान गर्न र आत्मनिर्भर बनेर बाँच्न सक्ने सामर्थ्य दिलाउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ ।

लेखन व्यवहारिक कार्यकलाप पनि हो । सामन्य घर-घरायसी व्यवहारका लागि लेखाइ आवश्यक हुन्छ । उक्त व्यवहारिक आवश्यकताका लागि चिठी लेखन, निवेदन, टिपोट आदि लेखनका कार्यकलापहरू आजको समाजमा सामान्य शिक्षित व्यक्तिका लागि निकै आवश्यक छ । लेखनकला कमजोर भएका विद्यार्थीहरूले सोचेजति उपलब्धी हासिल गर्न सक्दैनन् । यसका लागि लेखन कलालाई बढुवा दिनुपर्ने हुन्छ । विद्यार्थीका सिर्जनात्मक क्षमता विकास गराउन भाषाका चारवटै सीपहरूको भूमिका उत्तिकै रहन्छ । लेख्ने कलाको विकासमा कमजोर विद्यार्थीहरूले शिक्षण गर्ने क्रमा पनि कमजोर नै रहनुपर्ने हुन्छ । यसरी शिक्षण प्रक्रियामा लेखाइ शिक्षणले विद्यार्थीहरूमा उचित मार्गदर्शन प्रदान गर्ने हुनाले लेखाई शिक्षणको महत्त्व धेरै नै रहेको हुन्छ ।

### ३.६ लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान

मानवीय भाषाका मौखिक र लिखित गरी भाषा व्यक्त गर्ने दुई रूप हुन । व्यक्तिले आफ्ना मनमा रहेका भावनालाई ध्वान्यात्मक संकेतका आधारमा व्यक्त गर्दा मौखिक भाषा तयार हुन्छ भने ध्वन्यात्म संकेतहरूलाई लिपीमा उपयोग गरी अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । लेखाइले व्यक्तिमा आफ्नो विचार र भावना व्यक्त गर्ने क्षमताको विकास हुन्छ । लेखाइ कुनै पनि स्थान र सीमामा बाँधिन सक्दैन । लेखाइ शाश्वत र सार्वभौम हुन्छ । विद्यार्थीहरूमा लेखनकार्यलाई परिष्कृत, परिमार्जित र विकसित गर्दै लैजादन विभिन्न विधामा लेखन अभ्यासले सहयोग प्राप्त हुन्छ । यसले गर्दा प्राथमिक तह देखि नै विभिनन चित्रवर्णन, यात्रावर्णन, अनुलेखन, श्रुतिलेखन, निबन्धलेखन, चिठ्ठी लेखन, निवेदनलेखन जस्ता कार्यकलाप गराएर लेखन क्षमता

बढाउन सकिन्छ । विद्यार्थीहरूको स्तर र तहगत आधारमा लेखनकला बढाउँदै लैजानाले उनीहरूमा लेखन क्षमताको विकास हुँदै जान्छ ।

कार्यकलापको विभिन्न लेखनकला मध्ये निबन्धलेखन लेखनकलाको विशिष्ट कार्यकलाप हो । निबन्धलेखनको मुख्य उद्देश्य भनेको निबन्धलेखन सीप हासिल गर्नु हो । लेखाइ सीपको विकासमा निबन्धलेखनको स्थान उच्च रहन्छ । लेखन सीपको विकासका क्रममा प्राथमिक तहबाटै विभिन्न अनुलेखन, श्रुतिलेखन गराएर लेखन सीपको विकास गराउन सकिन्छ । निम्न माध्यमिक तहदेखि विश्वविद्यालय तहसम्मका पाठ्यपुस्तकमा निबन्धहरू समावेश गरिएका हुन्छन् । यसरी निबन्धलेखनको क्षमता बढाउन निबन्ध लेखन उतकृष्ट कार्यकलाप भएको मान्न सकिन्छ । निबन्धलेखनमा वर्गविन्यासगत, व्याकरणगत, शब्दभण्डारगत, चिह्नप्रयोग, वाध्यगठन विषयवस्तुको आदि, मध्य  र अन्त्यको प्रस्तुतिकरण जस्ता लेखाइ सम्बन्धि सम्पूर्ण नियमहरू समावेश भएका हुन्छन् । तसर्थ विद्यार्थीहरूमा सम्पूर्ण लेखाइ सम्बन्धि धारणात्मक, प्रयोगात्मक, सज्ञिानात्मक सीप विकास गराउन निबन्ध लेखन प्रक्रियले पृष्ठपोषण प्रदान गर्दछ । यसरी लेखाइ सीपको विकासमा निबन्ध लेखनको स्थान महत्त्वपूर्ण हुन्छ ।

### ३.७ निम्न माध्यमिक तहको पाठ्यक्रममा निबन्ध विधाको स्थान र शिक्षण प्रक्रिया

निम्न माध्यमिक तह भनेको कक्षा छ देखि आठ सम्म रहेको छ ।  यस तहको पाठ्यक्रमले नेपाली विषयमा विधागत क्षेत्र निर्धारण क्रममा प्रबन्ध/निबन्ध, कथा, जीवनी, चिठी, रूपक, कविता, व्याकरण, शब्दभण्डार जस्ता विधाहरूलाई समेटेको पाइन्छ । यो तह पुरा भएपछि विद्यार्थीहरूले प्राप्त गर्ने सिकाइ उपलब्धिका सन्दर्भमा स्तर अनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाएर निबन्ध लेख्न सक्षम हुने उद्देश्यहरू राखिनुले लेखाइ सीप सम्बन्धि क्षमता बढाउन पाठ्यक्रमले ठूलो महत्त्व दिएको छ भन्न सकिन्छ ।

पाठ्यक्रममा अन्य विधाको तुलनामा प्रबन्ध/निबन्ध विधाका क्षेत्रहरूलाई बढी समावेश गरेको देखिन्छ । जस अन्तर्गत सामाजिक/साँस्कृतिक, प्राकृतिक/वातावरणीय, कलात्मक, धार्मिक, वैज्ञानिक/प्राविधिक व्यावसायिक क्षेत्रका निबन्ध/प्रबन्धहरूलाई

समावेश गरिएको पाइन्छ । पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकको निर्माण गर्दा निबन्ध/प्रबन्धविधाको शिक्षणका अतिरिक्त सिर्जनात्मक क्रियाकलाप शीर्षकमा विभिन्न विषयमा निबन्ध/प्रबन्ध लेख्न निर्देश गरिएका अभ्यासहरू समावेश गरिएका छन् । यसबाट विद्यार्थीहरूमा निबन्धलेखन क्षमताको विकास गर्दै लैजाने आसय रहेको देखिन्छ ।

निम्न माध्यमिक तहमा प्रबन्ध/निबन्ध शिक्षणको मुख्य प्रयोजन भनेको विद्यार्थीहरूमा गधात्मक अभिव्यक्ति क्षमताको बोधका साथै गद्यात्मक लिखित आभव्यक्ति क्षमताको किवास गर्नु रहेको पाइन्छ । यसको शिक्षणको लागि निर्दिष्ट रूपमा प्रबन्ध/निबन्ध पाठहरूको उपयोग गर्नुका साथै खास विषयको शीर्षक दिई स्वतन्त्र तथा निर्देशित रूपमा निबन्ध लेखन अभिव्यक्ति अभ्यास गराउनु पर्छ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा विद्यार्थीहरूलाई मौनपठन, प्रश्नोत्तर, छलफल, व्याख्या जस्ता कार्यकलापहरूको उपयोग गर्नु वर्दछ । यस कार्यकलापमा अतिरिक्त स्वरपठन, बुँदा टिपोट, सारांश, व्याख्या, भावविस्तार, शोद्धोचरण, कठिन शब्दको अर्थ पहिचान, वाक्य प्रयोग, श्रुतिलेखन तथा अनुलेखन आदि जस्ता क्रियाकलापको अभ्यास गराउनु आवश्यक देखिन्छ ।

उपयुक्त तथ्यहरूलाई नियाल्दा निबन्ध विधालाई निम्न माध्यमिक पाठ्यक्रम २०४९ ले विशेष महत्त्व दिएको पाइएता पनि अहिले आएर प्रबन्धलाई महत्त्व दिएको र जसमा निजी विद्यालयमा भने प्रबन्धलाई भन्दा पनि निबन्धलाई नै विशेष जोड दिएको छ । यसमा प्रबन्ध विधा राखे पनि निबन्ध विधा राखे पनि यसको मुख्य उद्देश्य भनेको विद्यार्थीहरूमा लेखन कलाको विकास गरउनु नै हो ।

## ३.८ सारांश

निबन्धलेखनमा आत्मापरक निबन्ध र वस्तुपरक निबन्ध गरी दुई किसिमले लेख्न सकिन्छ । कुनै विषयमा केन्द्रित भएर स्वतन्त्र ढङ्गले लेखिने कलात्मक अभिव्यक्ति नै निबन्ध हो । सिकाइलाई भाषिक व्यवहारमा सक्षम बनाउन तथा भाषका चारवटै भाषिक सीपको विकास गराउन निबन्धलेखन र निबन्ध शिक्षण दुवै पक्षमा

विशेष ध्यान दिनुपर्छ । निम्न माध्यमिक तहले पनि यस पक्षमा विशेष ध्यान दिन खोजेको देखिन्छ । निबन्धलेखन क्षमतालाई बढवा दिँदै नेपाली विषयका पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यास अन्गातर्गत प्रबन्ध/निबन्ध लेखनलाई प्रेरित गरेको पाइन्छ । विद्यालय तहमा लेखाई शिक्षणलाई शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण अङ्गका रूपमा लिइन्छ । शैक्षणिक क्रियाकलापका अतिरिक्त लेखनकलामा विद्यार्थीहरू वा सिकारूहरूलाई सक्षम बनाई सिर्जनात्मक अभिव्यक्ति क्षमताको विकास गराउन निबन्धलेखन तथा निबन्ध शिक्षणको ठूलो महत्त्व रहेको पाइन्छ ।

# अध्याय चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

## ४.१ पृष्ठभूमि

भाषाको सीप विकासमा निबन्धलेखनले महत्त्वपूर्ण भूमिक निर्वाह गरेको हुन्छ । भाषाका चार सीप मध्ये अङ्क लेखन सीप विकासले निबन्धलेखनमा गहन र महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । प्रस्तुत अध्ययन सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्याथीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु रहेको छ । उक्त क्रममा अध्ययनको उद्देश्य प्राप्तिका लागि सिन्धुली जिल्लाका विभिन्न गा.वि.स. र नगरपालिकाका तीन सरकारी र तीन निजी गरी जम्मा छ विद्यालयका १५/१५ जना का दरले जम्मा ९० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । निबन्धलेखनका लागि सामग्री निर्माणका क्रममा 'तिहार र मेरो बाल्यकाल' शीर्षक चयन गरी पूर्व परीक्षण पश्चात विषय शिक्षकको राय सल्लाह अनुसार 'मेरो बाल्यकाल' शीर्षक चयन गरिएको छ । छनोट गरिएको शीर्षकलाई छनोटमा परेका विद्यालयका कक्षा सातमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निबन्ध लेख्न लगाई यस पश्चात भाषिक पृष्ठभूमिका आधारमा मातृभाषी नेपाली र विमातृभाषी नेपाली तथा लैङ्गिकताका आधारमा छात्र र छात्रा समान रूपमा १५/१५ जना पर्ने गरी उत्तरपुस्तीका छुट्याइएको छ । उत्तरपुस्तीकालाई भाषिक शुद्धता, विषयवस्तुको प्रस्तुतिकरण र मौलिकता आदका आधारमा परीक्षण गरिएको छ । परीक्षण पश्चात प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

प्रस्तुत अध्ययनबाट प्राप्त तथ्याङ्कलाई समग्रता विद्यार्थीको प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा छुट्टा छुट्टै शीर्षक र उपशीर्षकमा व्याख्या तथा विश्लेषण गरिएको छ । साथै व्याख्या तथा विश्लेषण पछि तथ्याङ्कलाई स्तम्भ चित्रमा पनि देखाइएको छ । अधययनमा परेका विद्यालय र विद्यार्थीहरूको नामावली परिशिष्टमा राखिएको छ ।

## ४.२ समग्रताका आधारमा निबन्धलेखन क्षमतको अध्ययन

सिन्धुली जिल्लाका गा.वि.स. र नगरपालिकाका तीन सरकारी र तीन निजी विद्यालयमा १५/१५ का दरले जम्मा ९० विद्यार्थी दरमा गरिएको निबन्धलेखन क्षमतको अध्ययनलाई विभिन्न प्रतिशतका आधारमा विद्यार्थीको मूल्याङ्कन गरिएको छ । जसमा अति उत्तम, मध्यम र निम्न गरी चार श्रेणी निर्धारण गरी विद्यार्थीको निबन्ध-लेखन क्षमताको व्याख्या र विश्लेषण गरिएको छ । जस अनुसार ती विद्यार्थीको निबन्ध लेखन क्षमतको स्थिति निम्नानुसार रहेको छ :

**तालिका नं १**


| जम्मा विद्यार्थी संख्या | ४० % सम्म अङ्क ल्याउने (निम्न) | | ५० % सम्म अङ्क ल्याउने (मध्यम) | | ६०%सम्म अङ्क ल्याउन (उत्तम) | | ६० % भन्दा माथि ल्याउने (अति उत्तम) | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ९० | ३५ | ३९ | २० | २२ | १५ | १७ | २० | २२ |

प्रस्तुत तालिका अनुसार समस्त विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका जम्मा ९० जना विद्यार्थीहरूलाई उनीहरूको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार ४० % सम्म अङ्क ल्याउने विद्यार्थी संख्या ३५ जना र प्रतिशत ३९% रहेको देखिन्छ । त्यस्तै ५०% सम्म अङ्क ल्याउने विद्यार्थी संख्या २० र २२% रहेको देखिन्छ । त्यसैगरी ६० %अङ्क ल्याउने विद्यार्थी संख्या १५ र १७% रहेको पाइन्छ । ६० %भन्दा माथि ल्याउने विद्यार्थी संख्या २० र २% रहेको पाइन्छ ।

यसरी तालिकामा सबैभन्दा कम विद्यार्थी ६० प्रतिशत सम्म अङ्क ल्याउने १५ ( १७%) र सबैभन्दा बढी विद्यार्थी ४० प्रतिशत सम्म अङ्क ल्याउने ३५ (३९%) रहेकोले समग्रतामा सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विदार्थीको निबन्धलेखन क्षमता अति कमजोर रहेको देखिन्छ । अध्ययनका क्रममा समग्र विद्यार्थीको निबन्ध

लेखन क्षमतामा एकरूपता नदेखिनुले सन्तोषजनक नरहेको पाइन्छ । समग्रताका आधारमा निबन्धलेखन क्षमतालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ ।

**चित्र नं. १**




## ४.३ विद्यालयको प्रकृतिक आधारमा निबन्धलेखन क्षमताको अध्ययन

यस अधययनमा विद्यालयको प्रकृति वा प्रकारका आधारमा सिन्धुली जिल्लाका तीन सरकारी र तीन निजी विद्यालयलाई छनोट गरिएको छ। छनोटमा परेका सरकारी विद्यालयका विद्यार्थी र निजी विद्यालयका विद्यार्थीको निबन्धलेखन क्षमताको व्याख्या र विश्लेषण तल गरिएको छ।

### ४.३.१ सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा सिन्धुली जिल्लाका जम्मा तीन सरकारी विद्यालयलाई छनोट गरिएको छ। तीन सरकारी विद्यालयका १५/१५ जना का दरले जम्मा ४५ जना कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूमा गरिएको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

**तालिका नं. २**


| जम्मा विद्यार्थी संख्या | ४० % सम्म अङ्क ल्याउने (निम्न) | | ५० % सम्म अङ्क ल्याउने (मध्यम) | | ६०%सम्म अङ्क ल्याउन (उत्तम) | | ६० %भन्दा माथि ल्याउने (अति उत्तम) | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | २१ | ४७ | ९ | २० | ६ | १३ | ९ | २० |

माथि प्रस्तुत तालिकामा सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत सरकारी विद्यालयका विद्यार्थीहरूको निबधलेखन क्षमताको प्रतिशत स्थिति देखाइएको छ । जसमा नमुनाका रूपमा ४५ जना विद्यार्थीहरू छनोट गरिएको छ । उपर्युक्त तालिका अनुसार विद्यार्थीको निबन्धलेखन क्षमताको अध्ययन गर्न चार श्रेणी निर्धारण गरिएको छ । जस अनुसार ४० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी संख्या २१ (४७%) रहेको छ । त्यस्तै ५० प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या ९ (२०%) रहेको पाइन्छ । त्यसैगरी ६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या ६ (१३%) रहेको पाइन्छ । ६० प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या ९ (२०%) रहेको पाइन्छ ।

यसरी प्रस्तुत तालिका अनुसार निम्न श्रेणी ४० % ल्याउने विद्यार्थी ४७% र उच्चतम श्रेणी ६० % भन्दा माथि अङ्क ल्याउने विद्यार्थी २०% रहेकोले सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको पाइदैन ।

सरकारी विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमतालाई निम्न अनुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

## चित्र नं. २




### ४.३.२ निजी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा सिन्धुली जिल्लाका जम्मा तीन सरकारी विद्यालयलाई छनोट गरिएको छ । तीन निजी विद्यालयका १५/१५ जना का दरले जम्मा ४५ जना कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूमा गरिएको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

## तालिका नं. ३


| जमा विद्यार्थी संख्या | ४० % सम्मा अङ्क ल्याउने निम्न | | ५० % सम्म अङ्क ल्याउने मध्यम | | ६०%सम्मा अङ्क ल्याउन उत्तम | | ६० %भन्दा माथि ल्याउने अति उत्तम | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | १३ | २९ | १० | २२ | ९ | २० | १३ | २९ |

माथि प्रस्तुत तालिकामा सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत निजी विद्यालयका विद्यार्थीहरूको निबधलेखन क्षमताको स्थिति देखाइएको छ । जसमा नमुनाका रूपमा ४५ जना विद्यार्थीहरू छनोट गरिएको छ। उपर्युक्त तालिका अनुसार विद्यार्थीको निबन्धलेखन क्षमताको अध्ययन गर्न चार श्रेणी निर्धारण गरिएको छ। जस अनुसार ४० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी संख्या १३ (२९%) रहेको छ। त्यस्तै ५० प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या १० (२२%) रहेको पाइन्छ । त्यसैगरी ६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या ९ (२०%) रहेको पाइन्छ । ६० प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या १३ (२९%) रहेको पाइन्छ।

यसरी प्रस्तुत तालिका अनुसार माथिल्लो श्रेणी विद्यार्थीको संख्या र प्रतिशत बराबर भएकाले निजी विद्यालयमा विद्यार्थीको निबन्धलेखन क्षमता मध्यम रहेको पाइन्छ।

निजी विद्यालयका विद्यार्थीको निबन्धलेखन क्षमतालाई निम्न अनुसार स्तम्भ चित्रमा देखाउनु सकिन्छ :

**चित्र नं. ३**




माथि प्रस्तुत तालिका २ र ३ सरकारी विद्यालयका विद्यार्थी र निजी विद्यालयका विद्यार्थीको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा सरकारी विद्यालयका

विद्यार्थीको निबन्ध लेखन क्षमता भन्दा निजी विद्यालयका विद्यार्थीको निबन्धलेखन क्षमता राम्रो देखिनछ । तल्लो श्रेणीमा सरकारी विद्यालयका विद्यार्थी ४७% र निजी विद्यालयका विद्यार्थी २९% रहेका छन् । सबैभन्दा माथिल्ला श्रेणीमा सरकारी विद्यालयका विद्यार्थी २०% र निजी विद्यिालयका विद्यार्थी २९% रहेको देखिन्छ । त्यसैगरी तुलनात्मक रूपमा अघिल्ला तल्ला दुई तहका श्रेणीका सरकारी विद्यालयका विद्यार्थीहरूको संख्या धेरै कम र पछिल्ला माथिल्ला दुई तहका क्षेत्रमा पनि सरकारी विद्यालयका विद्यार्थी संख्या कम रहेकाले तुलनात्मक रूपमा निजी विद्यालयका विद्यार्थीको निबन्धलेखन राम्रो रहेको देखिन्छ ।

### ४.४ भाषिक पृष्ठभूमिका आधारमा निबन्धलेखन क्षमतको अध्ययन

सिन्धुली जिल्लामा भाषिक पृष्ठभूमिका दृष्टिले विभिन्न मातृभाषी विद्यार्थीहरू रहेका छन् । मुख्य रूपमा यहाँ भाषिक भाषिक रूपमा विद्यार्थीहरूलाई मातृभाषि नेपाली र विमातृभाषी नेपालीका रूपमा छुट्याएर अध्ययन गरिएको छ । प्रस्तुत अध्ययन भाषिक पृष्ठभूमिका रूपमा छनोट गरिएका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति छुट्टा छुट्टै रूपमा तलका तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.४.१ मातृभाषी नेपाली विद्यार्थीको निबन्धलेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा सिन्धुली जिल्लामा सरकारी विद्यालय र निजी विद्यालयका गरी जम्मा ४५ जना कक्षा सातमा अध्ययनरत मातृभाषी नेपाली विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरिएको छ । नमुनाका रूपमा छनोट गरिएका कक्षा सातका मातृभाषी नेपाली विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

**तालिका नं. ४**


| जम्मा विद्यार्थी संख्या | ४० % सम्म अङ्क ल्याउने (निम्न) | | ५० % सम्म अङ्क ल्याउने (मध्यम) | | ६०%सम्म अङ्क ल्याउन (उत्तम) | | ६० %भन्दा माथि ल्याउने (अति उत्तम) | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | १२ | २७ | ११ | २४ | ९ | २० | १३ | २९ |

माथि प्रस्तुत तालिकामा सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत मातृभाषी नेपाली विद्यार्थीको निबन्धलेखन क्षमताको स्थिति देखाइएको छ । जसमा नमूनका रूपमा ४५ जना मातृभाषी नेपाली विद्यार्थीलाई छनोट गरिएको थियो । उपयुक्त तालिकामा मातृभाषी नेपाली विद्यार्थीको निबन्धलेखन क्षमतको अध्ययन गर्न चार श्रेणी निर्धारण गरिएको छ । जस अनुसार ४० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी संख्या १२ (२७%) रहेको छ । त्यस्तै ५० प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या ११ (२४%) रहेको पाइन्छ । त्यसैगरी ६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या ९ (२०%) रहेको पाइन्छ । ६० प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या १३ (२९%) रहेको पाइन्छ ।

यसरी प्रस्तुत तालिका अनुसार सबैभन्दा तल्लो श्रेणी ४० प्रतिशत ल्याउने विद्यार्थी २७% र सबैभन्दा माथिल्लो श्रेणी ६० प्रतिशत भन्दा माथि प्रतिशत अङ्क ल्याउने विद्यार्थी २९% रहेकोले मातृभाषी विद्यार्थीको निबन्धलेखन क्षमता मध्यम रहेको देखिन्छ । त्यस्तै तल्ला दुई श्रेणीमा मातृभाषी विद्यार्थीको तुलनामा माथिल्ला दुई श्रेणीमा मातृभाषी विद्यार्थीको निबन्धलेखन संख्या र प्रतिशत केही बढेकोले सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत मातृभाषी निबन्धलेखन क्षमता सन्तोष नै रहेको पाइन्छ ।

मातृभाषी नेपाली विद्यार्थीको निबन्धलेखन क्षमतालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

## चित्र नं. ४




### ४.४.२ विमातृभाषी नेपाली विद्यार्थीका निबन्धलेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा सिन्धुली जिल्लामा सरकारी विद्यालय र निजी विद्यालयका गरी जम्मा ४५ जना कक्षा सातमा अध्ययनरत विमातृभाषी नेपाली विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरिएको छ । नमुनाका रूपमा छनोट गरिएका कक्षा सातका मातृभाषी नेपाली विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

**तालिका नं. ५**


| जम्मा विद्यार्थी संख्या | ४० % सम्म अङ्क ल्याउने (निम्न) | | ५० % सम्म अङ्क ल्याउने (मध्यम) | | ६०%सम्म अङ्क ल्याउन (उत्तम) | | ६० %भन्दा माथि ल्याउने (अति उत्तम) | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | २५ | ५६ | ८ | १८ | ६ | १३ | ६ | १३ |

माथि प्रस्तुत तालिकामा सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विमातृभाषी नेपाली विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति देखाइएको छ । प्रस्तुत अध्ययनमा नमूनका रूपमा ४५ जना विमातृभाषी नेपाली विद्यार्थीलाई छनोट गरिएको थियो । उपयुक्त तालिकामा विमातृभाषी नेपाली विद्यार्थीको निबन्धलेखन क्षमतको अध्ययन गर्न चार श्रेणी निर्धारण गरिएको छ । जसमा माथिल्लो तालिकामा ४० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी संख्या र प्रतिशत २५ (५६%) रहेको छ । त्यस्तै ५० प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या र प्रतिशत ८ (१८%) रहेको पाइन्छ । त्यसैगरी ६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी संख्या र प्रतिशत ६ (१३%) रहेको पाइन्छ । ६० प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या ६ (१३%) रहेको पाइन्छ ।

यसरी प्रस्तुत तालिकामा सबैभन्दा तल्लो श्रेणी ४० प्रतिशत ल्याउने विद्यार्थी ५६% र सबैभन्दा माथिल्लो श्रेणी ६० प्रतिशत भन्दा माथि प्रतिशत अङ्क ल्याउने विद्यार्थी १३ % रहेकोले विमातृभाषी विद्यार्थीको निबन्धलेखन क्षमता धेरै नराम्रो देखिन्छ ।

विमातृभाषी नेपाली विद्यार्थीको निबन्धलेखन क्षमतालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**चित्र नं. ५**



माथि प्रस्तुत गरिएका तालिका नं. ४ र ५ अन्तर्गत मातृभाषी नेपाली विद्यार्थी र विमातृभाषी नेपाली विद्यार्थीको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययनले के देखाउँछ भने मातृभाषी विद्यार्थीको निबन्धलेखन क्षमता मध्यम स्तरको रहेको छ भने विमातृभाषी नेपाली विद्यार्थीहरूको निबन्धलेखन क्षमता हेर्दा धेरै न्यून रहेको देखिन्छ । यसलाई हेर्दा विमातृभाषाी तुलनामा मातृभाषी विद्यार्थीको निबन्धलेखन क्षमता राम्रो देखिन्छ ।

## ४.५ लैङ्गिक आधारमा निबन्धलेखन क्षमताको अध्ययन

सिन्धुली जिल्ला कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्न लैङ्गिक आधारमा विद्यार्थीहरूलाई छात्र र छात्रामा विभाजन गरी अध्ययन गरिएको छ । नमूनामा परेका छात्र र छात्राको निबन्ध लेखन क्षमताको स्थिति तल छुट्टा छुट्टै तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.५.१ छात्रहरूको निबन्धलेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा सिन्धुली जिल्लाका सरकारी र निजी विद्यालयका जम्मा ४५ जना छात्र विद्यार्थी पर्ने गरी नमूना छनोट गरिएको छ । नमूनाका रूपमा छनोट गरिएका कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

**तालिका नं. ६**


| जम्मा विद्यार्थी संख्या | ४० % सम्म अङ्क ल्याउने (निम्न) | | ५० % सम्म अङ्क ल्याउने (मध्यम) | | ६०%सम्म अङ्क ल्याउन (उत्तम) | | ६० %भन्दा माथि ल्याउने (अति उत्तम) | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | १८ | ४० | १० | २२ | ८ | १८ | ९ | २० |

माथि प्रस्तुत तालिकामा सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति प्रस्तुत गरिएको छ । उक्त तालिका अनुसार अध्ययनका लागि जम्मा ४५ जना छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गरी छनोट गरिएको छ । उपयुक्त तालिका अनुसार छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्न चार श्रेणी निर्धारण गरिएको छ । जस अनुसार ४० प्रतिशत सम्म अङ्क ल्याउने छात्र विद्यार्थी संख्या र प्रतिशत १८ ( ४०%) रहेको पाइन्छ । त्यस्तै ५० प्रतिशतसम्म अङ्क ल्याउने छात्र विद्यार्थी संख्या र प्रतिशत १०(२२%) रहेको छ । त्यसैगरी ६० प्रतिशत अङ्क ल्याउने छात्र विद्यार्थी संख्या र प्रतिशत ८ (१८%) रहेको पाइन्छ । ६० प्रतिशत भन्दा माथि अङ्क ल्याउने छात्र विद्यार्थी संख्या ९ (२०%) रहेको छ ।

यसरी प्रस्तुत तालिकामा सबैभन्दा तल्लो श्रेणी ४० प्रतिशतसम्म अङ्क ल्याउने छात्र विद्यार्थी ४०% र सबैभन्दा माथिल्लो श्रेणी ६० प्रतिशत भन्दा माथि प्रतिशत अङ्क ल्याउने छात्र विद्यार्थी २०% रहेकोले कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीको निबन्ध लेखन क्षमताको स्थिति राम्रो देखिदैन । त्यस्तै तल्ला दुई श्रेणीमा छात्र विद्यार्थीको संख्या र प्रतिशत बढी र माथिल्ला दुई श्रेणीमा छात्र विद्यार्थीको संख्या र प्रतिशत कम रहेकोले सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक देखिदैन ।

छात्राहरूको निबन्धलेखन क्षमतालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

चित्र नं. ६




## ४५.२ छात्राहरूको निबन्धलेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा सिन्धुली जिल्लाका सरकारी विद्यालय र निजी विद्यालयका जम्मा ४५ जना छात्रा विद्यार्थी पर्ने गरी नमूना छनोट गरिएको छ । नमूनाका रूपमा छनोट गरिएका कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

| जम्मा विद्यार्थी संख्या | ४० % सम्म अङ्क ल्याउने (निम्न) | | ५० % सम्म अङ्क ल्याउने (मध्यम) | | ६०%सम्म अङ्क ल्याउन (उत्तम) | | ६० %भन्दा माथि ल्याउने (अति उत्तम) | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | १७ | ३८ | ९ | २० | ७ | १५ | १२ | २७ |


माथि प्रस्तुत तालिकामा सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति प्रस्तुत गरिएको छ । प्रस्तुत तालिका अनुसार नमूनाका रूपमा जम्मा ४५ जना छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको

अध्ययन गर्न चार श्रेणी निर्धारण गरिएको छ । जस अनुसार ४० प्रतिशत सम्म अङ्क ल्याउने छात्रा विद्यार्थी संख्या र प्रतिशत १७ (३८%) रहेको छ । त्यस्तै ५० प्रतिशतसम्म अङ्क ल्याउने छात्र विद्यार्थी संख्या र प्रतिशत ९(२०%) रहेको छ । त्यसैगरी ६० प्रतिशत अङ्क ल्याउने छात्रा विद्यार्थी संख्या र प्रतिशत ७ (१५%) रहेको पाइन्छ । ६० प्रतिशत भन्दा माथि अङ्क ल्याउने छात्र विद्यार्थी संख्या १२ (२७%) रहेको छ ।

यसरी प्रस्तुत तालिकामा सबैभन्दा तल्लो श्रेणी ४० प्रतिशतसम्म अङ्ग ल्याउने छात्रा विद्यार्थी ३८% र सबैभन्दा माथिल्लो श्रेणी ६० प्रतिशत भन्दा माथि प्रतिशत अङ्क ल्याउने छात्रा विद्यार्थी २७% रहेकोले कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीको निबन्धलेखन क्षमताको निम्न रहेको पाइन्छ । त्यस्तै तल्ला दुई श्रेणीमा छात्र माथिल्ला दुई श्रेणीमा छात्रा विद्यार्थीको संख्या र प्रतिशत धेरै तल माथि वा धेरैको फरक भएकोले छात्रा विद्यार्थी  निबन्धलेखन क्षमताको स्थिति सन्तोषजनक पाउन सकिँदैन ।

छात्राहरूको निबन्धलेखन क्षमतालाई निम्नानुसार स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**चित्र नं. ७**



माथि प्रस्तुत गरिएका तालिका नं. ६ र ७ सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति छुट्टा छुट्टै रूपमा प्रस्तुत गरिएको छ । तुलनात्मक रूपमा हेर्दा सबैभन्दा तल्लो श्रेणीमा छात्रा विद्यार्थीको संख्या र प्रतिशत बढी र सबैभन्दा माथिल्लो श्रेणीमा पनि छात्रा विद्यार्थीकै निबन्ध लेखन क्षमता प्रतिशत र संख्या बढी देखिएकाले सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीको तुलनामा छात्रा विद्यार्थीको निबन्धलेखन क्षमता केही मात्र राम्रो देखिन्छ ।

# अध्याय पाँच

# निष्कर्ष र सुझाव

## ५.१ पृष्ठभूमि

हाल निम्न माध्यमिक तहको पाठ्यक्रमले कक्षा सातको नेपाली विषयका सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सीप सम्बन्धि विशिष्ट उद्देश्यहरू निर्धारण गरेको छ । यसमा पाठ्यक्रमले तोकिएको उद्देश्यहरू प्राप्तिका लागि नेपाली भाषा पाठ्यपुस्तकमा विभिन्न विधा र क्षेत्रहरू समावेश गरिएको छ । जस अनुसार प्रस्तुत अध्ययन सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनका उद्देश्यहरू सिन्धुली जिल्लाका कक्ष सातमा अध्ययनरत जम्मा छ वटा सरकारी र छ वटा निजी गरी त्यहाँ रहेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अध्ययन गर्नु । विद्यालयका प्रकृतिका आधारमा निबन्धलेखन क्षमता अध्ययन गर्नु, वा निबन्धलेखन क्षमताको स्थिति पहिल्याउनु, कक्षा सातमा निबन्ध लेखन क्षमता सम्बन्धि कमिकमजोरी सुधारका लागि सुझाव प्रस्तुत गर्नु रहेका छन् । यी उद्देश्य प्राप्तिका लागि सिन्धुली जिल्लाका विभिन्न गा.वि.स. का तीन सरकारी र तीन निजी विद्यालयका ४५/४५ जना गरी जम्मा ९० जना विद्यार्थीहरू नमूनाका रूपमा छनोट गरिएको छ । नमूना छनोटका क्रममा लैङ्गिक आधारमा ४५ जना छात्र र ४५ जना छात्रा, त्यस्तै भाषिक पृष्ठभमिका आधारमा ४५ जना मातृभाषी र ४५ जना विमातृभाषी नेपाली विद्यार्थी पर्ने गरी साबधानी अपनाइएको छ। छनोटमा परेका विद्यार्थीहरूलाई 'तिहार' र 'मेरो बाल्यकाल' शीर्षकमा निबन्ध लेख्न लगाइएको छ । प्राप्त उत्तरपुस्तिकालाई भाषीक शुद्धता, विषयवस्तुको प्रस्तुतिकरण मौलिकता आदिलाई आधार बनाई परीक्षण गरिएको छ । परीक्षणबाट प्राप्त अङ्कलाई तथ्याङ्कमा प्रस्तुत गरी प्रतिशता रूपान्तरण गरी व्याख्या तथा विश्लेषण गरिएको छ । यसरी गरिएको अध्ययनका क्रममा निष्कर्ष र कमीकमजोरीलाई सुधार गर्नका लागि आवश्यक सुझावलाई बुँदागत रूपमा क्रमशः तल प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

- सम्पूर्ण विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई चार श्रेणीमा विभाजन गरी अध्ययन गर्दा सबैभन्दा तल्लो ३५% र सबैभन्दा माथिल्लो श्रेणीमा २२% विद्यार्थी रहेका छन् ।
- समग्रताका आधारमा सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन स्थिति अति कमजोर रहेको छ ।
- भाषिक पृष्ठभूमिका आधारमा मातृभाषी नेपाली विद्यार्थी सबैभन्दा तल्लो श्रेणीमा २७% मात्र र सबैभन्दा माथिल्लो श्रेणीम २९% रहेकाले मातृभाषी नेपाली विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य राम्रो रहेको देखिन्छ ।
- त्यस्तै विमातृभाषी नेपाली विद्यार्थी सबैभन्दा तल्लो श्रेणीमा ५६% माथिल्लो रूणीमा १३%  रहेकाले निबन्धलेखन क्षमता धेरै नराम्रो रहेको छ ।
- मातृभाषाी नेपाली विद्यार्थीहरू तल्ला दुई श्रेणी र माथिल्ला दुई श्रेणीको संख्या र प्रतिशत हेर्दा लगभग समान देखिन्छ ।
- विमातृभाषी नेपाली विद्यार्थीहको तल्ला दुई श्रेणी र माथिल्ला दुई श्रेणीको संख्या र प्रतिशत हेर्दा धेरै फरकमा रहेको छ ।
- तुलनात्मक रूपमा विभातृभाषी नेपाली विद्यार्थीको भन्दा मातृभाषी विद्यार्थीको नेपाली निबन्धलेखन क्षमता कही राम्रो देखिन्छ ।
- विद्यालयका प्रकृतिका आधारमा अध्ययन गर्दा सरकारी विद्यालयका विद्यार्थी सबैभन्दा तल्लो श्रेणीमा ४७% र सबैभन्दा माथिल्लो श्रेणीमा २०% रहेका छन् ।
- त्यस्तै सरकारी विद्यालयका विद्यार्थीहरू तल्लो दुई श्रेणीको तलनामा माथिल्लो दुई श्रेणीमा धेरै कम संख्या र प्रतिशत भएकाले सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता धेरै कमजोर रहेको देखिन्छ ।
- निजी विद्यालयका विद्यार्थीहरू सबैभन्दा तल्लो श्रेणीमा २९% र सबैभन्दा माथिल्लो श्रेणीमा २९% रहेकोले निजी विद्यालयमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको छ ।

- तुलनात्मक रूपमा सरकारी विद्यालयका विद्यार्थीको निबन्धलेखन क्षमता भन्दा निजी विद्यालयका विद्यार्थीको निबन्धलेखन क्षमता राम्रो देखिन्छ ।
- लैङ्गिकताका आधारमा अध्ययन गर्दा छात्र विद्यार्थीहरू सबैभन्दा तल्लो श्रेणीमा ४०% रसबैभन्दा माथिल्ले श्रेणीमा २०% रहेका छन् ।
- लैङ्गिताको आधारमा छात्रा विद्यार्थी सबैभन्दा तल्लो श्रेणीमा ३८% र सबैभन्दा माथिल्लो श्रेणीमा २७% रहेको पाइन्छ ।
- छात्रा विद्यार्थीहरूको तल्ला दुइ श्रेणी रमाथिल्ला दुई श्रेणीमा संख्या र प्रतिशत धरै कम भएकाले निबन्धलेखन क्षमता राम्रो देखिदैन ।
- तुलनात्मक रूपमा सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीको निबन्धलेखन क्षमता केहि मात्र राम्रो देखिन्छ ।

## ५.३ सुझाव

प्रस्तुत अध्ययबाट प्राप्त निष्कर्षका आधारमा निम्न लिखित सुझावहरू प्रस्तुत गर्न सकिन्छ :

- सिन्धुली जिल्लाका कक्षा सातमा निबन्धलेखन क्षमता राम्रो नभएकाले यसको सुधारका लागि विद्यालय स्तरीय निबन्धलेखन अभ्यास गराउनु पर्छ ।
- विशेषगरी सरकारी विद्यालयमा रहेको नेपाली पाठ्यपुस्तकमा निबन्ध विधा नराखिएको र प्रबन्ध विधा मात्रले लेखन सीप कमजोर भएकाले निबन्ध विधा पनि पाठ्यपुस्तकमा समावेश गरिनुपर्ने देखिन्छ ।
- सरकारी र निजी विद्यालयका विद्यार्थीहरूलाई कक्षाकार्य र गृहकार्यका रूप्मा बारम्बार निबन्ध लेख्न लगाउनु पर्ने ।
- विद्यार्थीहरूको लेखनकला जाँच्ने मुख्य कसी निबन्धलेखन भएकोले लेखन कला विस्तारका लागि समसामयिक विषयम पर्याप्त निबन्ध लेख्न सिकाउनु पर्दछ ।
- विद्यार्थीहरूको लैङ्गिकता, उमेर, भाषिक पृष्ठभूमि, क्षेत्र, स्थानीयता आदि जस्ता पक्षहरूलाई ध्यानमा राखि पाठ्यपुस्तक तयार पार्नुपर्दछ ।

- अनिवार्य रूपमा निम्न माध्यमिक तह नेपाली भाषा विषयको पश्नपत्रमा निबन्धलेखन राखिनु पर्ने ।
- विमातृभाषी विद्यार्थीलाई निबन्धलेखन कार्यमा बढी भन्दा बढी जोड दिइ अभ्यास गराउँदै लैजानु पर्दछ ।
- कुनै विषयमा विद्यार्थीहरूलाई बुँदा टिपोट गर्न लगाइ आदि मध्य र अन्त्यको निबन्धात्मक ढाँचामा लेख्न प्रेरित गर्नुपर्दछ ।
- नेपाली विषयमा नै विशिष्टिकर विषय शिक्षकद्वारा पढाउनु  पर्ने परिपाटीलाई कडाइका साथ लागू गरिनु पर्दछ ।
- शिक्षकले शिक्षक केन्द्रित विधिको मात्र प्रयोग नगरी विद्यार्थी केन्द्रित विधिलाई बढी जोड दिनुपर्दछ ।
- सरकारी विद्यालयमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेकाले सरकारी विद्यालयका शिक्षकहरूले आफ्ना विद्यार्थीहरूलाई निबन्ध लेखन अभ्यास धेरै गराउनु पर्छ ।
- दुवै स्तरका विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता बढाउन कम्तीमा हप्ताको एउटा विषय शीर्षकमा विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाई शिक्षकले लेखन प्रतिको विद्यार्थीहरूको रूची जगाउनु पर्दछ ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

अनुसन्धान विस्तार चलिरहने प्रक्रिया हो । यसको गन्तव्य कहिल्यै पूरा हुँदैन एउटा सानो अनुसन्धानले कुनै पनि विषयको सम्पूर्णताको खोजी गर्न सकिदैन । यसका विभिन्न सीमा र अवरोध हुन्छन् । यसलाई सबै पक्षबाट निरन्तरता दिनुपर्दछ । यसैसन्दर्भमा प्रशस्त अध्ययनसँग निकटवर्ती भावी अध्ययनका सम्भावित शीर्षकहरू निम्नानुसार रहेका छन् :

- कक्षा छ र सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन ।
- कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन
- कक्षा सातमा अध्ययनरत विमातृभाषी विद्यार्थीहरूको वर्णविन्यास क्षमताको अध्ययन  ।

- कक्षा सातमा अध्ययनरत विद्याथीहरूको शब्दभण्डार क्षमताको अध्ययन ।
- कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन ।
- सहरी क्षेत्रमा रहेका निम्न माध्यमिक तहमा विद्यार्थीहरूको पठन क्षमताको अध्ययन ।
- प्राथमिक तहका विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन ।
- कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठ्ठी र निवेदन लेखन क्षमताको अध्ययन ।
- कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको जीवनी लेखन क्षमताको अध्ययन ।
- कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूको प्रबन्ध लेखन क्षमताको अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०५३). **भाषा शिक्षण र केही परिप्रेक्ष्य तथा पद्धति (चौं.सं.)**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अवस्थी, महादेव र भण्डारी पारसमणि (२०५९). **सरल नेपाली व्याकरण र रचना कक्षा (९ र १०)**, काठमाडौं : एकता बुक्स ।

आचार्य, माधवप्रसाद र गौतम रामप्रसाद (२०६५). **नेपाली भाषा र साहित्य शिक्षण ( प्र.सं.)**, काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ।

उपाध्याय, केशवप्रसाद (२०५९). **साहित्य प्रकाश (दो.सं.)** काठमाडौं : साझा प्रकाशन ।

गौतम, रामप्रसाद र कोइराला खेमबन्धु (२०६५). **भाषिक अनुसन्धान विधि**, काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ।

के.सी. दानबहादुर (२०६०). *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको नेपाली विराम चिह्न प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६२). **नेपाली भाषा शिक्षण परिचय र प्रयोग,** काठमाडौं : मनकामना बुक्स एन्ड स्टेसनरी ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६४). **नेपाली भाषा शिक्षण,** काठमाडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पोखरेल, बालकृण र अन्य (सम्पा.२०५५). **नेपाली बृहत शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

गौतम, टीकाप्रसाद (२०६७). *सिन्धुली जिल्ला कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६४). **नेपाली गद्य र नाटक**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल, शैलेन्द्र प्रकाश र  खतिवडा लेखराज (२०५८). **नयाँ नेपाली निबन्धमाला**, काठमाडौँ : एकता बुक्स, नेपाल ।

**सम्प्रेषण परिवार,** सम्प्रेषण अङ्क ३, ४, ५, ६, ७ (२०६३-२०६६, २०६८). नेपाली शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

## परिशिष्ट- क

निबन्धलेखनमा उपयोग भएका वा गरिएका प्रतिनिधि शीर्षकहरू :

१. मेरो जीवनको लक्ष्य

२. तिहार

३. मेरो बाल्यकाल

४. समयको महत्त्व

५. विद्यार्थी जीवनमा अनुसन्धानको महत्त्व

## परिशिष्ट- ख

अध्ययनका क्रममा प्रतिनिधि नमूनाका रूपमा छनोट भएका विद्यालय र विद्यार्थीहरूको नामावलीमा सरकारी विद्यालय र विद्यार्थीहरूको नामावली :

**क) श्री नमूना उच्च माध्यमिक विद्यालय गौमति, माडी बजार**

| | |
|---|---|
| १. सिर्जना श्रेष्ठ | २. आर्जु मोक्तान |
| ३. कल्पना श्रेष्ठ | ४. हित कुमारी मगर |
| ५. सम्झना थापा | ६. दुर्गा परियार |
| ७. निर्मला वि.क. | ८. मिथिलेस वाइवा |
| ९. राम कुमार स्याङ्गवा | १०. सुदिप भुजेल |
| ११.रूद्रप्रसाद न्यौपाने | १२. गोपाल खड्का |
| १३. उमा के.सी. | १४. अम्मर कटुवाल |
| १५. रूकिन थामी | |

**ख) श्री माध्यमिक विद्यालय पिपलभञ्ज्याङ्ग**

| | |
|---|---|
| १. सानुमाया मगर | २. मुना श्रेष्ठ |
| ३. मञ्जु दर्लामी मगर | ४. गायत्री चौलागाई |
| ५. सरिता थापा | ६. बुधमाया सिग्देल |
| ७. अनिल श्रेष्ठ | ८. युवराज सारू मगर |
| ९. धिरज मगर | १० रवी ठाडा मगर |
| ११. नवराज आले | १२ यज्ञ थापा |
| १३. गीता देवकोटा | १४. नारायण नेपाली |
| १५. गोकुल धिताल | |

**ग) श्री जलकन्या उच्च माध्यमिक विद्यालय , चपौली**

१. सम्झना तामाङ्ग
२. रीतामाया स्याङ्गवा
३. जानुका हायु
४. रीतीका मगर
५. सपना सिग्देल
६. रस्मिता दंगाल
७. मनिता देवकोटा
८. मुना गौतम
९. टीका कुमार श्रेष्ठ
१०. मीन बहादुर गुरूङ्ग
११. टंकराज घिसिङ्ग
१२. महेश ठटाल
१३. सहदेव भण्डारी
१४. हेम बहादुर कार्की
१५. विनोद नेपाली

निजी क्षेत्रका विद्यालय र विद्यार्थीहरूको नामावली :

**क) श्री सुर्योदय माध्यमिक इङ्लिस बोर्डिङ स्कुल**

१. सिल्पा कार्की
२. अनिता कार्की
३. अस्मिता लामा
४. सुजता श्रेष्ठ
५. प्रतिक्षा थापा
६. वितिजा कटुवाल
७. पूजा थिङ्ग
८. रंजिता बखेल
९. भिम सुनुवार
१०. प्रवेश लामा
११. शिवहरी कार्की
१२. सुप्रभाव राउत
१३. रविन भुजेल
१४. प्रविन कार्की
१५. क्षेसिक थापा

**ख) श्री विद्याश्रम माध्यमिक इङ्लिस बोर्डिङ स्कुल**

१. बबिता लामा
२. ज्योति श्रेष्ठ
३. स्वस्तिका लामा
४. मोनिका दनुवार
५. सुमन्ता चौलागाई
६. प्रतिक्षा अधिकारी
७. अनु विसंखे
८. रञ्जु धमला
९. करण श्रेष्ठ
१०. शिवहरी मगर
११. शैलेन्द्र थापा मगर
१२. धनलाल गोले

१३. एकिन्द्र वि.क.　　१४. रिपुमर्दन कार्की

१५. अमिर थापा

**ग) श्री जनता माध्यमिक इङ्लिस बोर्डिङ स्कुल**

१. निशा भूजेल　　२. सरू पुलामी

३. कल्पना तामाङ्ग　　४. मनिका गोले

५. अमिसा थापा　　६. जेसिका खड्का

७. सुस्मि खड्का　　८. अश्विन भुजेल

९. शुशोक चौधरी　　१०. पुस्कर लामा

११. जीवन मगर　　१२. अनुज थापा

१३. मोतिराम ढकाल　　१४. अटुल वि.क.

१५. अर्जुन परियार

## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | दिनेशप्रसाद गौतम |
| जन्म मिति | : | २०४३/०४/२१ |
| बाबुको नाम | : | रामप्रसाद गौतम |
| आमाको नाम | : | ईश्वरा कुमारी गौतम |
| स्थायी ठेगाना | : | जलकन्या -८, चपौली, सिन्धुली |
| अस्थायी ठेगाना | : | कोटेश्वर-३५, काठमाडौँ |
| भाषा | : | नेपाली |
| धर्म | : | हिन्दु |
| मूल विषय | : | नेपाली |
| रूची | : | अध्ययन, भ्रमण र समाजसेवा |
| सम्पर्क नं. | : | ९७४४०१८४४२ ,९८१८५३३८७५ |

**शैक्षिक योग्यता :**

१. प्रवेशिका (एस.एल.सी.) : श्री जलकन्या उच्च माध्यमिक विद्यालय, चपौली, सिन्धुली

२. १०+२ : सिन्धुली बहुमुखि क्यामपस, सिन्धुली ढुङ्गेबास

३. स्नातक (बी.एड.) : सिन्धुली बहुमुखि क्यामपस, सिन्धुली ढुङ्गेबास

४. स्नातकोत्तर (एम.एड.) : त्रिभुवन विश्वविद्यालय क्याम्पस, कीर्तिपर, काठमाडौं ।